लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/721

श्री नगरप्रमुखज्यू

थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय,

मकवानपुर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/721

श्री नगर प्रमुखज्यू,

थाहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, थाहा मकवानपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८ करोड ४ लाख ७ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यकमको रु.१ करोड ७२ लाख ७४ हजार, गरी जम्मा रु.१९ करोड ७६ लाख ८१ हजार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.२ अर्ब ३ करोड ६४ लाख ५५ हजारको आय व्ययको लेखापरीक्षणबाट रु.१ करोड ४६ लाख ६९ बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.८ लाख ३६ हजार फस्यौंट भई असुल गर्नुपर्ने रू.१८ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३४ लाख १६ हजार, नियमित गर्नुपर्ने रू.४० लाख ४२ हजार र पेश्की बाँकी रू.४५ लाख ५७ हजार गरी जम्मा रू.१ करोड ३८ लाख ३३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१९ करोड १२ लाख २२ हजार मध्ये रु.१ करोड ९९ लाख ७१ सम्परीक्षणबाट फस्यौंट भई यसवर्षको थपसमेत गरीहालसम्म अद्यावधिक बेरुजू रू.१८ करोड ५० लाख ८५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने थाहा नगरपालिकासंग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	६०	१,४६,६९,१८३	०	१	८,३६,०८६	०	६८	५९	१,३८,३३,०९७	१८,१८,६१५	४०,४१,६१२	३४,१६,१००	०	०	७४,५७,७१२	४५,५६,७७०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	१९,१२,२२,२८८		१,९९,७०,५०८	१७१२५१७८०	०	१,३८,३३,०९७	१८५०८४८७७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५१.१	आन्तरिक आय	८,३६,०८६
२	२०८०/८१	६३	सडक ढलान नर्म्स :	१,०८,०२,७२५
३	२०८०/८१	२७	दहत्तर बहत्तर तर्फ :	९०,५८,६६२
४	२०८०/८१	३०	जरीवाना :	९,१२१
५	२०७९/८०	४८	प्रोग्राम अपडेट	१,००,०००
जम्मा				२,०८,०६,५९४

थाहा नगरपालिका, मकवानपुर

(८०३३२४०१३००)

थाहा नगरपालिका , मकवानपुर

परिचय

१ .

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता उत्तरदायित्व पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १९१.१२ वर्ग किलोमिटर तथा ३८८७० जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।११ देखि २०८२।०८।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- थाहा नगरपालिका को जम्मा रु. २०३६४५४८४७.४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु.७,५२,८०३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

नगरपालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ:

थाहा नगरपालिका २०८१/८२

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात		४६०८६२४०.९५	चालु खर्च		४७०२४३१०७.६१
१.संचित कोष	७६३५३३३.७०		१. पालिका तर्फ	१८०७४७८७३.७५	
२.धरौटी	२२६६६४२४.००		२. संघीय सशर्त चालु	२७७६३५७१८.८६	
३. कार्यसञ्चालन कोष	४९६३८१४.९३		३. संघीय विशेष	५००००००.००	
४. विविध खर्च खाता	४९४४९१२.०४		४. प्रदेश सशर्त	७८५९५१५.००	
५. आन्तरिक राजस्व	५८७५७५६.२८				
यस वर्षको आय		७०५६१५२८.०४			
१.आन्तरिक आय	७०५६१५२८.०४		पुँजीगत खर्च		२९०४६७२३३.६४
२. वित्तीय हस्तान्तरण (संघ)		५५२९१००८०.५५	१. पालिका तर्फ	१९५६८९९९२.५८	
क) समानीकरण अनुदान	११२६८१२८०.००		२. संघीय सशर्त	१००६३३८२.००	
ख) राजस्व बाँडफाँट	११२००५९८३.९७		३. संघीय समपुरक	८४१४६३१.१६	
ग) सशर्त अनुदान चालु	२९२५९३७५०.००		४. प्रदेश सशर्त	५०११८२३१.९०	
घ) सशर्त अनुदान पुँजीगत	११३०००००.००		५. प्रदेश समपुरक	२२५०९७२१.००	
ङ) समपुरक अनुदान	८४१४६३१.१६		५. प्रदेश विशेष	३६७१२७५.००	
च) विशेष अनुदान	५००००००.००				
छ) रोयल्टी	११९१४४३५.४२				
ज) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१९७६८१८९४.७२
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१७९१३२६९५.२०	क) सामाजिक सुरक्षा	१८०४०७९६५.७२	
क) समानीकरण अनुदान	१२३९००००.००		ख) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	१७२७३९२९.००	
ख) राजस्व बाँडफाँट	६६९१३६९५.२०				

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर जि.सी.
लेखा अधिकृत (आठौं तह)

ग) सशर्त अनुदान चालु	९०४७०००.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ग) सशर्त अनुदान पुँजीगत	६२५८२०००.००				
घ) समपुरक अनुदान	२१७०००००.००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	६५०००००.००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	९३४५६८७.७०	९३४५६८७.७०
छ) अन्य			विविध खर्च खाताबाट भएको खर्च	६८९२२४८.००	६८९२२४८.००
४. अन्तर सरकारी अख्तियारी (संघ)		१९७६८१८९४.७२	चालु खर्च		
क) सामाजिक सुरक्षा	१८०४०७९६५.७२		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) एकीकृत स्वास्थ्य पूर्वाधार	१७२७३९२९.००		अन्य सहयोगमा सञ्चालित योजना		
....			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		३४११२६९७.२४
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	१५३१४७६८.०२	१५३१४७६८.०२	क) सशर्त अनुदान	१७३९४६४९.१४	
८. कार्यसञ्चालन कोष आय	१३३१०४२.०१	१३३१०४२.०१	२. प्रदेश तर्फ		
९. विविध वर्षको आय	१०७७९९७०.०४	१०७७९९७०.०४	क) सशर्त अनुदान (चालु)	११८७५८५.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			क) सशर्त अनुदान (पुँजीगत)	१२७०१७३८.१०	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			ख) विशेष अनुदान	२८२८७२५.००	
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		६५०५५३५०.६२

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर जि.सी.
लेखा अधिकृत (आठौं तह)

			१. संचित कोषको मौज्दात	२१२९२३५५.२८	
			२. धरौटी	२८६३५५०४.३२	
			३. कार्यसञ्चालनकोष	८८३२६३४.०८	
			४. अन्यकोष	६२९४८५६.९४	
जम्मा		१०७३७९८२१९.५३	जम्मा		१०७३७९८२१९.५३

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर जि.सी.
लेखा अधिकृत (आठौं तह)

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ दायित्व भुक्तानी

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. (१९,०३,०९६.००) देखाएको छ। उक्त रकम सम्बन्धित खातामा भुक्तानीका बखत नै दाखिला गर्नुपर्नेमा नगरी बर्षान्त पश्चात् गो भौ नं ६।२०८२।६।८ बाट रकम रु १९०३०९६। सम्बन्धित शिर्षकमा दाखिला गरेको देखिन्छ । भुक्तानीका बखत कर कट्टी गरेको रकम सोही समयमा नै सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्दछ।

४ **बैंक हिसाब मिलान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाको सुत्र सफ्टवेयर अनुसार श्रेस्ता र बैक खाताको मौज्दात विवरण देहाय बमोजिम रहेको छ।

क्रसं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
१	ग१.१, आन्तरिक राजस्व खाता	०	३२६७५५०	-३२६७५५०
२	ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
३	ग१.३, आन्तरिक अनुदान खाता	०	०	०
४	ग२.२, चालू खर्च खाता- जोर वर्ष	०	०	०
५	ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०	०
६	ग२.७, विविध खर्च खाता	८८३२६३४.०८	८८३२६३४.०८	०
७	ग३.१, स्थानीय तह धरौटी खाता	२८६३५५५०४.३२	२८६३५५५०४.३२	०
८	ग४.१, स्थानीय तह सञ्चित कोष खाता	२१२९२३५५.२८	२१२८९०६४.५६	३२९१
९	ग५.१, स्थानीय तह विविध कोष खाता	६२९४८५६.९४	६२९४८५६.९४	०
१०	ग६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०	०
	जम्मा	६५०५५३५०.६२	६८३१९६०९.५	-३२६४२५९

उल्लेखित खाताहरुमध्ये श्रेस्ता र बैक खाताबीच मौज्दात फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ । समग्रमा बैक मौज्दातभन्दा रु ३२६४२५९। श्रेस्तामा घटी देखिएको कारण पहिचान गरी गरी हिसाब समायोजन गर्नुपर्दछ।

५ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ। स्वीकृत लेखा ढाँचामा विवरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन। पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको विवरण, परिवर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन। स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

६ **नीति तथा कार्यक्रम कार्यान्वयन**

पालिकाको २०८१।८२ को नीति तथा कार्यक्रममा अधुरा आयोजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइने उल्लेख गरेकोमा ६ बर्ष भन्दा माथिका योजनाहरु अधुरो नै रहेको, सेवा प्रवाहलाई पारदर्शी, जनमुखी र डिजिटाइजेसन गर्ने उल्लेख भएकोमा उक्त कार्य नभएको, किसान परिचयपत्र वितरण गरिने उल्लेख भएकोमा सो कार्य सम्पन्न नभएको, पर्यटन प्रवर्द्धनका लागि अन्तरपालिका परियोजना सञ्चालनका लागि सहकार्य गरिने उल्लेख भएकोमा सो कार्य नभएको, पर्यटकीय क्षेत्रको प्रचारका लागि जाऔं है थाहा क्याम्पियन सञ्चालन गरिने उल्लेख भएकोमा सञ्चालन नभएको,ढलान, पिच जस्ता प्राविधिक जटिल प्रकृतिका निर्माण कार्यहरु उपभोक्ता समितिबाट नगरिने र त्यस्ता कार्यहरुलाई ठेक्का प्रणालीबाट सञ्चालन गरिने नीति उल्लेख गरेकोमा सोको पालना नभएको स्थिति छ । बेरुजु फर्स्यौटलाई कार्यसम्पादन मूल्याङ्कनको सुचककोरुपमा समेत राखिने नीति उल्लेख भएकोमा सोको कार्यन्वयन गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई कार्यान्वियन गर्नुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।७ गते रु.९१ करोड ९१ लाख ४३ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । २०८१।९।२६ मा सभामा पेश गरेको संशोधित बजेट वक्तव्यमा मा रु ९७ करोड ६५ लाखको विनियोजन उल्लेख गरेको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालविन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले भैपरी आउने चालु शिर्षकमा रु ३०००००० । अबण्डा राखेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ रकमान्तर

पालिकाको विनियोजन ऐन,२०८१ को दफा ३ को उपदफा (२) मा कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अर्को शीर्षकमा १० प्रतिशतमा नबढ्ने गरी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने र उपदफा (३) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष शुरु विनियोजित बजेटको विभिन्न ६० कार्यक्रमको रु ४८९९२६००। रकमान्तरबाट बजेट घटाएको एवं विभिन्न ५० कार्यक्रममा रु १०९८७०७९०। रकमान्तर गरी बजेट थप गरेको छ । हिउँदे सभा २०८१।९।२६ मा उक्त रकमान्तर स्वीकृत गरेको देखिन्छ । स्वीकृत क्रियाकलापमा कार्य सम्पादन नहुने र बीच बीचमा विभिन्न शिर्षकमा रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गरी बजेट अनुशासन कायम गर्नुपर्दछ ।

१० विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको एवं उपभोक्ता समितिमार्फत गराएको कामको समेत गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेट पुस्तिकामा रु ४८६९१०८७। समावेश गरी रु. ४००५९९८२।- भुक्तानी दिएको छ। यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

गोश्वारा भौचर र मिति	फर्मको तथा उपभोक्ता समितिको नाम	सामाग्री विवरण	रकम
६-२०८१।६।२	जेरिना कम्प्यूटर इन्फोसिस	**Interactive flat panel board**	२०००००
७-२०८१।६।२	एटु जेट सप्लायर्स	**DLP acer projector**	५६४००
१०-२०८१।६।७	बालुवाचौर सामुदायिक भवन निर्माण उ.स	बालुवाचौर सामुदायिक भवन निर्माण कार्य	४८४७०२
१२-२०८१।६।७	महादेवस्थान आर्यघाट निर्माण उ.स	महादेवस्थान आर्यघाट निर्माण	१४३३७३
१४-२०८१।६।८	पालुङ्ग चिल्ड्रेन पार्क समिति	चिल्ड्रेन पार्क निर्माण	२२१९८१

ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	कुल खर्चको तुलनामा खर्च (%)
१	आर्थिक विकास	९२७९४०००.	६३३५०४००.५	८.४३
२	सामाजिक विकास	४०८३९७११६.०८	३४४४०९६१४.९१	४५.८५
३	पूर्वाधार विकास	२५८०९०३९९.२४	१७२२४०६६६.५८	२२.९३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४८१८८६००.	३२१२१६४६.८५	४.२८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१६६०५३५७५.	१३८९७३३८१.२५	१८.६
कुल जम्मा		९७३५२३६९०.३२	७५१०९५७१०.०९	१००

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ८.४३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४५.८५ प्रतिशत, पूर्वाधारतर्फ २२.९३ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ४.२८ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १८.६० प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ८.४३ मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा बजेट विनियोजन एवं खर्च बृद्धि गर्नुपर्दछ। कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको १८.६ प्रतिशत गरेको देखिँदा प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

१२ आयोजना बैंक

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा सँभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वियनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ ।

१३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ ।

पूँजीगत खर्च	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेसो त्रैमासिक	चौथो त्रैमासिक	असारको मात्र खर्च
	२९४४६७२३३.६०	३७०७०७५३.९०	११९७१८०४.११	९१६८०६४३	१५३७४४०३२.६३	११३०७३८४१.१६
खर्च प्रतिशत	१००	१२.५९	४.०७	३१.१३	५२.२१	३८.३९

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ५२.२१ प्रतिशत गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २०८२।३।३२ मा देहाय अनुसारको रु ५८७३२९०६।२४ रकम खर्च नभई फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त चालु	२९२५९३७५०	२७७६३५७१८.८६	१४९५८०३१.१४
	शसर्त पुँजीगत	११३०००००	८८६३३८२	२४३६६१८
	समपुरक	८४१४६३१.१६	८४१४६३१.१६	०
	विशेष	४००००००	४००००००	०
प्रदेश सरकार	शसर्त चालु	९०४७०००	७८५९५१५	११८७४८५
	शसर्त पुँजीगत	६२५८२००००	५०११८२३१.९०	१२७०१७६८.१०
	विषेश	६५०००००	३६७१२७५	२८२५८७२५
	समपुरक	२१७०००००	२२५०९७२१	-८०९७२१

१५ **प्रदेश समपुरक अनुदान**

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०।१०।२ को पत्र अनुसार आ.ब २०८१।८२ मा बागमती प्रदेशका सबै स्थानीय तहहरुमा सञ्चालन हुने समपुरक योजनाहरुमा समपुरक आयोजना प्रस्तावको शर्त नम्बर ७ बमोजिम स्थानीय तहको बार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने उल्लेख छ। थाहा नगरपालिका वडा नं. ३. स्थित River Training Works Fedigaun To Triveni (ठेक्का नं. Pro/fedigaun-Triven irivertrainingwroks/01 081/82) को कार्य गर्न थाहा नगरपालिका र सक्षम सुजन जे.भी. गोदावरी-५. ललितपुरबीच मिति २०८१/०९/२९ मा रु २१५३०४७६। मा सम्झौता भएको देखिन्छ । उक्त समपुरक अनुदानमा नगरपालिका र प्रदेश सरकारको लागत सहभागिता ५० । ५० प्रतिशत हुनुपर्नेमा कार्य सम्पन्न रु २१४०६३०७। भएकोमा पालिकाको योगदानको अंश रु १०७०३१५३। हुनुपर्नेमा रु १०३१७६४३। मात्र भएको देखिँदा प्रदेशतर्फको बढी खर्च भएको रु ३८५५१०। सम्बन्धित प्रदेश सरकारको सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,८५,५१०

१६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्ः

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ११ लाख २४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले वडा कार्यालयको समेत रू ७८ लाख २६ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघु उद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनाउनुपर्ने देखिन्छ ।

१७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने व्यवस्था रहेको छ । यो बर्ष पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी निरीक्षण नहुँदा पालिकामा के कति जिन्सी मौज्दात के कस्तो अवस्थामा छन् एकिन गर्न सकिएन । तोकिएबमोजिम जिन्सी निरीक्षण गरी सोको बेहोरा कार्यान्वयन गरी जिन्सी व्यवस्थापन चुस्त दुरुस्त बनाउनुपर्दछ ।

१८ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकामा ४ पाङ्ग्रे ८ र २ पाङ्ग्रे ३६ सवारी साधन रहेकोमा पालिकाले यो बर्ष सवारी साधन मर्मततर्फ रु.३८००९१४। खर्च लेखेको छ ।

१९ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले खरिद गरी आएको सम्पत्ति तथा जिन्सी मालसामनको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने व्यवस्था छ। गोश्वारा भौचर नम्बर ३५-२०८१।६।१५ कार्यालयले कोल्ड स्टोर निर्माण कन्टिन्जेन्सीबाट आइ ७ डेल ल्यापटप १ थान र एसर प्रोजेक्टर १ थान रु.१५९९९९। मा खरिद गरी श्री बसन्त प्राथमिक विद्यालयलाई हस्तान्तरण गरेकोमा सो जिन्सी विद्यालयको जिन्सी किताबमा आम्दानी जनाउनुपर्नेमा सोको प्रमाण पेश गरेको नदेखिँदा बिद्यालयको जिन्सी किताबमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५९,९९९

२० **तलबी प्रतिवेदन**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नपाउने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ १९ कर्मचारीको रु.१७५७६९४८।र पालिकाका ४४ कर्मचारीको रु २९३१२४८९।समेत रु.४६८८९४३७। खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

२१ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीयतहको कार्यबोझ राजश्व क्षमता खर्चको आधार र स्थानीय आवश्यक्ता समेत ध्यानमा राखी कर्मचारी व्यवस्थापन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार पालिका र १२ वटा वडा कार्यालयमा समेत ६५ स्वीकृत दरबन्दीमा ५० जना

स्थायी पदपूर्ति गरी २१ रिक्त दरबन्दीमा १५ जना करार र ६ दरबन्दी रिक्त रहेको छ। स्वास्थ्य तर्फ २७ स्वीकृत दरबन्दीमा १९ जना स्थायी र ८ जना करारमा पदपूर्ति भएको छ।

२२ **कर्मचारी प्रोत्साहन**

थाहा नगरपालिकाले आन्तरिक पर्यटन काज सम्बन्धी कार्यविधि,२०७९ जारी गरेको छ जसमा यस पालिकामा कार्यरत ६ महिना पुरा गरेका कर्मचारीले भ्रमण खर्च नियमावलीले तोकेको दरमा दश दिन बराबरको दैनिक भ्रमण खर्च पाउने उल्लेख छ । यो बर्ष पर्यटन काज शिर्षकमा कर्मचारीलाई रु १६९००००। खर्च गरेको छ । साथै अन्य विविध कर्मचारी प्रोत्साहनमा रु १०९५२६६। समेत रु २७८५२६६। खर्च गरेको छ जुन आन्तरिक आय रु ४५६०५६६८.६३। को ६.१० प्रतिशत हुन आउँछ ।

२३ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको १४ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष ४९ मुद्दा थप भई ६३ मुद्दा दर्ता भएकोमा ५७ मुद्दा फर्स्यौट भई ६ मुद्दा बाँकी रहेको छ । पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२४ **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले थाहा नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ जारी गरेको छ ।यो बर्ष समितिको ७ वटा बैठक बसेको देखिन्छ।

कार्य योजना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र दर्ता ४२ वटा सहकारीमध्ये ३८ सहकारीले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको छ। पालिकाले यस बर्ष सहकारी अनुगमनको लागि रु १३९२४५। भुक्तानी गरेको छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदनमा विभिन्न कैफियतहरु औंल्याएकोमा उक्त कैफियत सुधार भए। नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्ने एवं ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाउनुपर्दछ ।

२६ **खरिद तथा ठेक्का अभिलेख**

२६.१

खरिद योजना- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गरेको छैन। बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

२६.२ खरिद कारवाहीको अभिलेख- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छैन ।त्यस्तै ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) अध्यावधिक गरी राख्नुपर्नेमा राखेको छैन। यसबाट ठेक्कासँग सम्बन्धित आवश्यक सूचना, भेरियसन स्वीकृती, भुक्तानी, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजनको अवस्था जस्ता विवरणहरु अध्यावधिक भएको देखिएन।यसमा सुधार हुनुपर्दछ।

२७ सूचनाको हक कार्यान्वयन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५, ६, ७ र नियमावली, २०६५ को नियम ३, ६, २४ क र २४ ग मा सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गर्नुपर्ने सूचना अधिकारी तोक्नुपर्ने तीन-तीन महिनमा विवरणहरु अद्यावधिक विवरण गरी प्रकाशन गर्नुपर्ने वेब साईट अद्यावधिक गर्नुपर्ने माग गरेको सूचना नियमानुसार उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले योजना अधिकृत छैठौं सुरज कुमार भुजेललाई सूचना अधिकारीको रुपमा तोकेको पाईयो। सूचना वर्गीकरण र अद्यावधिक गर्ने तर्फ ध्यान नदिएको पाईयो। यस अवधिमा लिखित रुपमा २ वटा सूचना माग भएकोमा २ वटाकै फर्स्यौट भएको छ। कार्यालयको आफ्नै वेवसाईट रहेकोमा अद्यावधिक अवस्थामा रहेको छ।तीन-तीन महिनामा प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनको विवरण समेत प्रकाशन गरेको छ।

२८ आर्थिक सहायता वितरण

पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकलाद्धारा जारी थाहा नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८० जारी गरेको र रु १ हजारदेखि रु ५० हजारसम्म दीर्घरोगीहरुलाई आर्थिक सहायता उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले यस बर्ष उपचार सहायता शिर्षकमा रु २६८३००। र आगलागी पिडीतलाई रु १२५०००। गरेको छ ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

२९ इन्धन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले यो बर्ष इन्धनमा रु ४७५८११७। खर्च गरेको छ । पालिकामा पालिकामा ४ पाङ्ग्रे ८ र २ पाङ्ग्रे ३६ सवारी साधन रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्डको सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

३० खर्च वृद्धि

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कामकारवाहीमा सहजता ल्याउन तथा नीतिगत निर्णय गर्न, गराउन कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ।

सि.नं.	खर्च शिर्षक	२०८०।८१ को खर्च	२०८१।८२ को खर्च	वृद्धिको कारण
१	करारका कर्मचारीको खर्च	२९१९६९०३	३५२३१२५८	दरबन्दी करार थप गरिएको
२	वैंठक भत्ता	३५९६९४०	३८००८५०	काम कारवाहीमा सहजता ल्याउन/नीतिगत निर्णय गर्न, गराउन
३	अनुगमन तथा मूल्याङ्कन खर्च	१३५८६५०	११२४४९०	

३१ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले १२ वडा कार्यालय समेतको यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. ७८००२६०। खर्च गरेको छ । गत बर्ष विविध तर्फ रु ६६८७५१३। खर्च गरेको छ । विगतमा भन्दा यो बर्ष विविधतर्फ १४.२६ प्रतिशतले बढोत्तरी भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

३२ वितरणमुखी कार्यक्रम

पालिकाले संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले देहाय अनुसार वितरणमुखी क्रियाकलापमा खर्च गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

मिति	गो भौ नं	विवरण	रकम
२०८१/०८/२०	१४१	ज्येष्ठ नागरिक धार्मिक अवलोकन भ्रमण कार्यक्रम	४,००,०००
१०/१४/२०८१	२६६	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	७,४०,५४५
२०८१/०९/११	१६२	धिमे बाजा खरिद बापतको रकम सम्न्धित इन्द्रायणी युवाक्लबको नाममा भुक्तानी	१,००,०००
२०८१/११/।०५	२३२	नेवा संरक्षणः बाजा र झाम्टाको भुक्तानी	९५,०००
१२/०६/२०८१	२६६	जात्रामा खर्च	९५,०००
१२/१३/२०८१	२७३	नेपाल तामाङ घेदुङ थाहा नगर समिति	१,६०,०००
१२/२०/२०८१	३०५	आग्रा मिनि महोत्सव	१,५०,०००
०३/१२/२०८२	५०३	तामाङ घेदुङ संङ्घ	२२३५१८
०३/१२/२०८२	५०२	इन्द्रायणी भगवती कालाभैरव गुठी संरक्षण समिति	१,५०,०००

३३ पदाधिकारी सुविधा

स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु. १३५३९०००। सुविधा भुक्तानी दिएको छ। यो बर्षको आन्तरिक आय रु ४५६०५६६८.६३ जुन आन्तरिक आयको तुलनामा २९.६८ प्रतिशत हुन जान्छ।

३४ डि.पि.आर. खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीयतहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट रु २४९०१५४।मा गराई प्रतिवेदन प्राप्त गरेको छ ।परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ ।

क्र.स.	विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	DPR अनुसार योजनाको लागत
१	शिखरकोट रुप्से सडक निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR)	Redox Consult Pvt. Ltd.lalitpur	३, ९३ , २३७.७४	३, ९९ , ८१९.४३
२	खानीगाउँ देखि कोटथुम्की सडक निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन	श्री इन्फ्रा डेभ्लप कन्सल्ट प्रा.लि.	३, ९१ , २०६.००	४, ०३ , ३०५.७६
३	डमगडे–भकुन्डे–गल्छी सडक निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन	Redox Consult Pvt. Ltd.lalitpur	२, २२ , ८२३.२९	२, २६ , ५७३.११
४	बिशाल बाराही मुर्ति र वाङतेन गुम्बा निर्माण वडा न.६ आयोजनाको विस्तृत योजना प्रतिवेदन (डी.पी.आर)	श्री रोयल एक्सिस इन्जीनियरिंङ कन्सल्ट प्रा.लि.	४, ८८ , ४८७.७०	४, ९८ , ४२०.६३
५	थाहा फुटबल ग्राउन्ड को पुर्बाधार निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR)	Civil Service and Design Consultant Pvt.Ltd.,Banepa Kavre	९, ९४ , ४००.००	९, ९९ , ४४२.६३
जम्मा			२४९०१५४	

यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदनको कार्यान्वियनको सुनिश्चितता हुनुपर्दछ ।

३५ प्रदेश समपुरकतर्फ

पि एस आइटम- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। थाहा नगरपालिका वडा नं. ३. स्थित River Training Works Fedigaun To Triveni (ठेक्का ने. Pro/fedi gaun-Triveni river training wroks/01/ 081/82) परियोजनाको कार्य गर्न थाहा नगरपालिका र सक्षम सुजन जे.भी. गोदावरी-५. ललितपुरबीच मिति २०८१/०९/२९ मा रु २१५३०४७६। मा सम्झौता भएको देखिन्छ । पहिलो रनिङ बिल गो भौ नं१९।२०८१।१२।२७ मा रु ५३९३६३०। भुक्तानी गर्दा पि एस आइटम बापत बीमाको मूल्य अभिबृद्धि कर समेत रु १०००००। मात्र भुक्तानी गर्न मिल्नेमा सोमा मूअकर समेत थप गरी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रु १३०००। असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	१३,०००

३६ कोल्ड स्टोर निर्माण

३६.१ **ठेक्का नं. Pro/HVAC civil & electrical 20/079/80** को 2000MT को कोल्ड स्टोर निर्माण सामाग्री तथा उपकरण HVAC तथा Puf panel जडान, परिक्षण तथा सन्चालन गर्न मिति २०८०।४।१६ मा एच एम के। जनजागृति जेभीसँग २४ महिनाभित्र अर्थात २०८२।४।१५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । लागत अनुमान रु १३९५८२४४०। रहेकोमा निर्माण व्यवसायीले कबोल गरेको रु १३०९८७२५६। मा निर्माण व्यवसायीले २०८०।४।४ मा पेश गरेको मुल्य छुट Discount पत्रमा कबोल अङ्कमा थप छुटको विषय उल्लेख छ । लागत अनुमान रु १३९५८२४४०। को १०.३ प्रतिशत छुट अर्थात रु १२५२०५४४९।हुने गरी सम्झौता गरेको देखिन्छ । यस बर्षसम्म सातौ रनिङ बिलसम्म रु ७०५४४५०८। भुक्तानी भएको छ । हालसम्म वित्तीय प्रगति ५६.३४ प्रतिशत भएको छ । रु २२००००००। पेश्की लिएकोमा हालसम्म रु ४९७१६४२। पेश्की फर्स्योंट भई रु १७०२८३५८। बाँकी रहेको देखिन्छ ।

३६.२ **भेरिएसन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संझौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो संझौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा यस

नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नुपर्ने उल्लेख छ । त्यसैगरी भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण, ऐनको दफा ५क को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत, स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने समेत उक्त नियममा उल्लेख छ । ठेक्का नं. Pro/HVAC civil & electrical 20/079/80 को 2000MT को कोल्ड स्टोर निर्माण सामाग्री तथा उपकरण HVAC तथा Puf panel जडान, परिक्षण तथा सन्चालन गर्न मिति २०८०।४।१६ मा २४ महिनाभित्र अर्थात २०८२।४।१५ भित्र कार्य सम्पन्न गर्ने गरी एच एम के जनजागृति जेभीसँग रु १२५२०५४४९।मा सम्झौता गरेको छ । पालिकाले देहाय बमोजिमको आइटममा शुरु सम्झौता परिमाण भन्दा बढी परिमाण थप भई सातौ रनिङ बीलसम्म रु ८२०८६६३। को थप कार्य भएको देखाएको छ । २०८०।९।२२ को कार्यापालिका बैठकबाट भेरिएसन आदेश स्वीकृत गरेको देखिन्छ । कार्यपालिकाले निर्णय गर्दा भेरिएसन गर्नुपर्ने परिमाणको प्राविधिक पुष्ट्याई र कारण, उल्लेख गरे वेगर नै भेरिएसन स्वीकृत गरेको देखिन्छ । विभिन्न १० आइटममा 8.15 प्रतिशतदेखि 94.92 सम्म परिमाणमा बृद्धि भएको देखिन्छ । Straightening, cleaning, cutting, fabricating, bending, placing as per design and details for RCC को कार्यको लागि ९४.९२ प्रतिशत कार्य थप भएको देखिन्छ । भेरिएसन आदेश जारी गर्दा सोको प्राविधिक पुष्टाँइ र कारण उल्लेख हुनुपर्दछ ।

Item no	Item Description		परिमाण सूची (BOQ) बमोजिमको		हालसम्म अध्यावधिक काम भएको		बढी भएको परिमाण	बढी भएको रकम	बढी प्रतिशत
			परिमाण	ठेक्कामा स्वीकृत दर	परिमाण	रकम			
	Item Description	Unit	Quantity	Rate(NRs)		Amount(NRs)			
2	Plain cement Concrete (PCC) for RCC works M20 (1:1.5:3) for slab/lintels/columns/beams	Cum.	115.02	15,000.00	180.77	2,711,566.35	65.75	986266	57.16
3	Providing, laying and fixing MS folded decking sheet of 0.75mm thick over floor beam with shear strud.	kg	7,931.52	130	9,215.45	1,198,008.50	1,283.93	166911	16.19
4	Straightening, cleaning, cutting, fabricating, bending, placing as per design and details for RCC	Kg	18,057.93	170	35,198.98	5,983,825.92	17,141.05	2913978	94.92
15	Providing antitermite treatment works. The concentration of the chemical, the number and spacing of the injection points,	Sqm.	608.16	800	1,087.77	870,216.00	479.61	383688	78.86
18	Water proofing works : Providing and applying FOSROC BRUSHBOND RFX	Sqm.	942.05	3,500.00	1,087.77	3,807,195.00	145.72	510020	15.47
37	ELECTRICAL WORKS: Supply, Delivery, installation, testing andcommissioning of following as per drawings, specification and site within PVC PIPE	r mt	60	150,000.00	80	12000000	20	3000000	33.33
41	c. 4x16+1x10 sq. mm; Copper XLPE armoured	r mt	50	1,600.00	95	152000	45	72000	90
43	e. 2Cx6+1x4 sq. mm; Copper PVC armoured	r mt	40	2,000.00	65	130000	25	50000	62.5
47	b. Wiring of 2 way light points with 3x2.5+1x1.5 sq. mm; COCOND	pts	6	2,400.00	8	19200	2	4800	33.33
	single core Multistrand PVC								
57	D. Light Fixtures : (Make: Legero, Wipro, Philips or equivalent)	set	135	11,000.00	146	1606000	11	121000	8.15
	- with prior sample app								
								8208663	

३७ **१५ शैया आधारभुत अस्पताल निर्माण**

१५ शैया आधारभुत अस्पताल निर्माण कार्यको लागि २०७८।१।२६ मा २४ महिना अर्थात २०८०।१।२५ भित्र कार्य सम्पन्न गर्ने गरी आशीर्वाद निर्माण सेवा प्रालिसँग रु १२५६०७०६९।१६ मा सम्झौता भएकोमा यस बर्ष १२ औ रनिङ बिलसम्म रु ७४३८३१८०।

भुक्तानी भई ५९.२१ प्रतिशत वित्तीय प्रगति भएको छ । पछिल्लोपटक २०८३।२।३० सम्म म्याद थप गरेको एवं पेश्की रु १५१०००००। फर्स्यौट हुन बाँकी रहेको छ ।

बीमा अवधि- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद कार्यको बीमा गराउनुपर्ने व्यवस्था इन्सुरेन्स भुक्तानी बीमा बापत रु १३७९७०४। भुक्तानी गरेकोमा संलग्न बीमाको त्रुटि सच्याउने अवधिसम्म २०८१।३।१ सम्म रहेको देखिन्छ । पालिकाले पछिल्लोपटक २०८२।८।७ मा म्याद थप गरेकोमा उक्त सम्झौताको अवधि २०८३।२।३० सम्म रहेकोमा त्रुटि सच्याउने अवधि २०८४।३।३० सम्मको म्याद थपको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१३,७९,७०४

३८ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न १३६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ९२८०४४८७। भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको,
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको,
- उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन,
- यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा नक्सा पेश गरेको देखिएन,
- पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

३८.१ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माणका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । अत: यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	कैफियत
११६-२०८१।११। ९	गैरीगाउँ खानेपानी निर्माण उपभोक्ता समिति	खानेपानी ट्याङ्की निर्माण र धारा जडान	८६७०७९	१ घर १ धारा बापत २० घर
३४-२०८२।३।२२	चिल्लाङ बृहत खानेपानी योजना निर्माण उ.स	खानेपानी ट्याङ्की निर्माण	२५५११४१	
३४३-२०८२।३। २४	छोतेटोल सामुदायिक भवन निर्माण उ.स	सामुदायिक भवन निर्माण	९२५४४०	
१५-२०८१।६।८	वडा नं. १२ तथा थप निर्मा उ.स	वडा भवन निर्माण	१२७३९८८	

३८.२ **जगडाँडा मगरटोल गोरेटोबाटो निर्माण**- कार्यालयले जगडाँडा मगरटोल गोरेटो बाटो निर्माण कार्यको लागि आ.ब २०८१।८२ मा ओ.पि.सी सिमेन्टको मूल्य रु.६५० (मू.अ.कर बाहेक) र ढुवानी प्रति बोरा रु.१३.४ राखी दर विश्लेषण गरेको छ। उपभोक्ता समितिलाई गो.भौ.नं. ८३-२०८१।१०।१० बाट भुक्तानी गर्दा संलग्न रहेका सिमेन्ट बिल परिक्षण गर्दा उपभोक्ता समितिले रुपाखेती हार्डवेयर प्रा.ली बाट १८५ बोरा रु.७३४.५।मू.अ.कर सहित खरिद गरेको छ। कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार पिसिसि (१:२:४) कार्य ३०.७२ घनमिटरमा प्रति घनमिटर ६.४ बोराको दरले १९६ बोरा सिमेन्ट प्रयोग हुने देखिन्छ। उक्त कार्यका लागि उपभोक्ता समितिले १८५ बोरा मात्र सिमेन्ट प्रयोग गरेको बील पेश गरेकोमा १९६ बोराको भुक्तानी भएको देखियो। स्वीकृत नर्म्स भन्दा घटी सिमेन्ट प्रयोग भएको अवस्थामा निर्मित संरचनाको गुणस्तर सम्बन्धमा कार्यालयले एकिन गरी बढी भुक्तानी भएको ११ बोराको रु.७३४.५ र ढुवानी प्रति बोरा रु.१३.४ समेत रु.७४७.९ को दरले रु.८२२७। अध्यक्ष क्षेत्र बहादुर आले मगर रहेको उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८,२२७

३८.३ **वडा नं.१२ तला थप निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले रु.१६,००,५०१। लागत अनुमान रहेको वडा नम्बर १२ कार्यालय तला थप निर्माण कार्य उपभोक्ता समिति मार्फत गरी गोश्वारा भौचर नम्बर १५-२०८१।६।८ बाट रु.११४४८४४। र गोश्वारा भौचर नम्बर २७७-२०८२।३। १९ बाट रु.१२९१४४। समेत रु.१२,७३,९८८। भुक्तानी गरेको छ। उपभोक्ता समिति मार्फत निर्माण भएका निर्मित संरचनाहरुको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने एवं मर्मत संभारको जिम्मेवारी उपभोक्ता समितिको हुने अवस्थामा पालिकाले वडा भवन उपभोक्ता समिति मार्फत कार्य गरी भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१२,७३,९८८

३८.४ **बढी भुक्तानी**- कार्यालयले वडा नं. १२ को तला थप निर्माण कार्यको लागि आ.ब २०८०।८१ मा ओ.पि.सी सिमेन्टको मूल्य रु.७०० (मू.अ.कर बाहेक), ढुवानी प्रति बोरा रु.६९ र एक घनमिटरमा ५३० इट्टा लाग्ने गरी दर विश्लेषण गरेको छ। उपभोक्ता समितिलाई गो.भौ.नं. १५-२०८१।६।८ बाट भएको भुक्तानीमा संलग्न रहेका सिमेन्ट बिल परिक्षण गर्दा उपभोक्ता समितिले सोयाङ निर्माण सेवाबाट १७० बोरा रु.६०२।मू.अ.कर सहित र इट्टा १६००० गोटा रु१७।४ मू.अ.कर सहित खरिद गरेको छ। कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार पिसिसि (१:२:४) कार्य १६.८ घनमिटरमा प्रति घनमिटर ६.४ बोराको दरले १०८ बोरा र १:६ इट्टाको गाह्रो निर्माण कार्यमा प्रति घनमिटर २.१२ बोराको दरले ३०.५२ घनमिटरमा ६५ बोरा समेत १७३ बोरा सिमेन्ट र इट्टा प्रति घनमिटर ५३० का दरले ३०.५२ घनमिटरमा १६१७६ वटा लाग्ने देखिन्छ। उपभोक्ता समितिले १७० बोरा मात्र सिमेन्ट तथा १६००० इट्टा खरिद गरेको बील पेश गरेको पाइयो। स्वीकृत नर्म्स भन्दा घटी निर्माण सामाग्री प्रयोग भएकोले निर्मित संरचनाको गुणस्तर सम्बन्धमा कार्यालयले एकिन गरी खरिद भए भन्दा बढी भुक्तानी भएको ३ बोरा सिमेन्टको रु.७९१। मू.अ.कर समेत र ढुवानी प्रति बोरा रु.६९। को दरले रु.२५८०। तथा इट्टा प्रति गोटा रु.१७.४ मू.अ.कर समेत का दरले १७६ गोटाको रु.३,०६२। समेत रु.५,६४२। अध्यक्ष पासाङ लामा रहेको उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	५,६४२

३८.५ **फुस्रामाटा मोटरबाटो निर्माण -** कार्यालयले वडा नं. २ को फूस्रामाटा मोटरबाटो निर्माण कार्यको लागि आ.ब २०८१।८२ मा ओ.पि.सी सिमेन्टको मूल्य रु.७२० राखी दर विश्लेषण गरेको छ। उपभोक्ता समितिलाई गो.भौ.नं. ३१४-२०८२।३।२३ बाट भुक्तानी गर्दा संलग्न रहेका सिमेन्ट बिल परिक्षण गर्दा उपभोक्ता समितिले पालुङ हार्डवेयर सेन्टरबाट २५५ बोरा मू.अ.कर सहित रु.७६८।४ र कृषमा इन्फा एण्ड सप्लायर्स प्रा.लीबाट ७३ बोरा रु.८४७.५ मा समेत ३२८ बोरा सिमेन्ट खरिद गरेको छ। कार्यालयले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार पुरानो बाटोमा ५३.१३ घनमिटर र नाला निर्माणमा २.४ घनमिटर समेत ५५.५३ घनमिटर पिसिसि (१:२:४) कार्य र १:६ ढुङ्गाको गाह्रो निर्माण ८.४१ घनमिटर कार्य गरेको छ। कार्यालयले गरेको दर विश्लेषण अनुसार पि.सि.सि १:२:४ कार्यमा प्रति घनमिटर ६.४ बोराको दरले ३५५ बोरा र १:६ ढुङ्गाको गाह्रो निर्माण कार्यमा प्रति घनमिटर १.८४ बोराको दरले ८.४१ घनमिटरमा १६ बोरा समेत ३७१ बोरा सिमेन्ट प्रयोग हुने देखिन्छ। कार्यालयले उपभोक्ता समितिले ३२८ बोरा मात्र सिमेन्ट खरिद गरेको अवस्थामा ३७१ सिमेन्टको भुक्तानी दिएकोले बढी भुक्तानी दिएको ४३ बोरा सिमेन्टको रु.७२०। रु.३०,९६०। अध्यक्ष बलराम ढकाल रहेको उपभोक्ता समितिबाट असुल गर्नुपर्नाको साथै निर्मित संरचनाको गुणस्तर सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,९६०

३८.६ **अधुरा योजना-** उपभोक्ता समितिसँग कार्यालयले गरेको सम्झौता अनुसार सम्झौतामा उल्लेख भएको म्यादभित्र प्राविधिकको राय, परामर्श र निर्देशन बमोजिम उपभोक्ता समितिले आयोजना सम्पन्न गर्नुपर्ने उल्लेख छ। नमुना छनौट गरी परिक्षण गर्दा उपभोक्ता समितिबाट निर्माण कार्य भएका निम्न योजनाहरुमा लागत अनुमानमा तोकिए बमोजिमको परिमाणमा कार्य नभई सो कार्य अधुरो रहेको देखियो। पालिकाले आवश्यकता र औचित्यताको आधारमा योजनाहरुको छनौट गरी सोको विस्तृत लागत अनुमान तयार गर्ने, योजना सम्पन्न गर्न आवश्यक बजेटको सुनिश्चित गरी विनियोजित योजनाहरु समयमा नै सम्पन्न गर्नुपर्दछ। विनियोजित योजनाहरु समयमा सम्पन्न नगरी नयाँ आयोजना मात्र थप्दै जाँदा आयोजनाबाट प्रतिफल प्राप्त नहुने र लागत वृद्धि हुन जाने देखिन्छ । समय भित्र आयोजना सम्पन्न गराउन आवश्यक पहलकदमी लिनुपर्दछ ।

गोश्वारा भौचर मिति	योजनाको नाम	लागत अनुमान	कार्यसम्पन्न	नभएको कार्य	यस बर्षको भुक्तानी
२१-२०८१।६।८	देविस्थान बुद्ध पार्क निर्माण सेवा थाहा	६८७८००	५२७३७०	१: २ भागको सिमेन्ट मसलामा छापि १५ मि.मि बाक्लो मार्बल छाप्ने कार्य	४३७६४८
२७-२०८१।६।९	पालुङ पर्यटन प्रवर्धन निर्माण थाहा २	३४२७६०	२३५७२०	आरसिसि, प्लाष्टर पेन्ट लगायत ५ प्रकारका कार्य	२०४९७४

३८.७ **उपभोक्ता समितिको म्याद थप-** उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यहरुको सम्झौताको शर्त अनुसार सोही आर्थिक बर्षमा निर्माण सम्पन्न हुनुपर्दछ। नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले चम्पाकेश्वर मन्दिर परिसरको निर्माण कार्य २०८१।१०।३० मा कार्य सम्पन्न गर्ने गरी २०८०।१२।३० मा सम्झौता भएको देखियो। उपभोक्ता समितिसँगको सम्झौताको शर्तमा सोही आर्थिक बर्षमा निर्माण सम्पन्न हुने उल्लेख भएकोमा कार्यालयले अर्को आर्थिक बर्षमा गई निर्माण सम्पन्न हुने गरी सम्झौता गरी गो.भौ.नं. १०९-२०८१।११।६ बाट रु.६,७८,६१६। भुक्तानी दिएको छ। सोही आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न हुने गरी सम्झौता गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

३८.८ **मूल्य अभिवृद्धिकर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, वील, भरपाई, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सम्झौता हुँदा सोही व्यहोराको शर्त उल्लेख गरी सम्झौता गरेको छ। कार्यालयले उपभोक्ता समितिले पेश गरेका बिल भरपाईको आधारमा मूल्य अभिबृद्धि कर भुक्तानी गर्नुपर्नेमा लागत अनुमान तयार गर्दा

बखतको आधारमा मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोले बढी भुक्तानी भएको मू.अ.कर सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

गो.भौ.नं.मिति	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिका अध्यक्षको नाम	सप्लायर्स	खरिद भएको सामाग्री	भुक्तानी दर	बजार खरिद दर	फरक दर	कार्य प्रकार	कार्य सम्पन्न अनुसार जम्मा कार्य परिमाण	प्रति घनमिटर लाग्ने बोरा	प्रयोग भएको बोरा संख्या	भु र
१३-२०८१।६।७	घाटादरबार महादेव गुफा पैदलमार्ग निर्माण	राजन थापा	बज्रबाराहि हार्डवेयर सेन्टर	सिमेन्ट	७६९	५२०	२४९.	M15	50.26	६.४	३२१.७	८
१५-२०८१।६।८	वडा कार्यालय भवन तला थप निर्माण उ.स	पासाङ लामा	वडा नम्बर १२ को भवन तला थप	सिमेन्ट	७६९	६०२	१६७.	M15	१६.८	६.४	१०७.५	१
					७६९	६०२	१६७.	गाह्रो लगाउने 1:6	३०.५२	२.१२	६४.७	१
१९-२०८१।६।८	पुरानोचौकी पानधारा सडक थाहा ९	सम्पुर्ण लामा	बोस हार्डवेयर एण्ड ग्रुप प्राली	सिमेन्ट	७६९	५५०	२१९.	M15	१७.३५	६.४	१११.०४	२
					७६९	५५०	२१९.	गाह्रो लगाउने 1:6	३९.२७	२	७२	१
३२-२०८१।६।१४	गोठडाँडा मर्याङघाट पाटी निर्माण थाहा ७	दिलिपकुमार स्याङ्ताङ	टंकेश्वर शक्ति हार्डवेयर	सिमेन्ट	७६९	५९७.३५	१७१.६५	ढलान र ग्राहो लगाउने कार्य			८६	१
			शिखर सप्लायर्स	इट्टा	१५.४	९	६.४	गाह्रो लगाउने 1:6	१२	५३०	६२९६	४
७०-२०८१।९।८	फाँट मत्स्यनारायण सील्टु मोटरबाटो निर्माण थाहा २	विजय थापा	वि.वि.एच ट्रेडिङ प्रा.ली	सिमेन्ट	६५०.	५१०	140	M15 गाह्रो निर्माण			५२३	७
१०९-२०८१।११।६	चम्पाकेश्वर मन्दिर परिषद् निर्माण उपभोक्ता समिति	कुलचन्द्र अर्याल	बज्रबाराहि हार्डवेयर सेन्टर	सिमेन्ट	६८०.	५२५	155	M15 गाह्रो निर्माण			२५५	३
जम्मा												३

असुल गर्नुपर्ने	४१,१८४

३८.९ **विपद् व्यवस्थापन-** सार्वजनिक खरिद ऐन, २०६४ को नियम ९७ मा श्रममुलक तथा काममा मितव्ययीता, गुणस्तरियता र दिगोपना अभिवृद्धि हुने खालका योजनाहरु उपभोक्ता समिति मार्फत हुने तथा सोही नियमको उपनियम ३ मा निर्माण कार्यको प्रकृति अनुसार उपभोक्ता समितिले व्यहोर्ने अंश खरिद सम्झौतामा खुलाउनुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिको योगदान नरहेको वडाहरुको पहिरो पन्छाउने, बाटो ग्रेडिङ मिलाउने र खन्ने कार्य बापत गाउँपालिका पुँजीगत तर्फ विपद् व्यवस्थापन खर्च शीर्षक कायम गरी रु.१,३३,०५,७०६। र इन्धन खर्च १२,२१० लिटरको रु.१९,२७,५८०। समेत रु.१,५२,३३,२८६। खर्च लेखेको छ। कार्यालयले डोलिडारको नर्म्स अनुसार मानिसको १० प्रतिशत र मेसिनको ९० प्रतिशत राखी दर विश्लेषण गरी खर्च भुक्तानी गरेको छ। कार्यालयले उपभोक्ता समितिले तोकेका निर्माण व्यवसायीलाई खरिद भएको इन्धन पेश्कीको रुपमा उपलव्ध गराइ कार्य गरेको छ। हेभि उपकरणहरु मात्र प्रयोग हुने उक्त सडक मर्मत कार्यमा उपभोक्ता समितिको कुनै पनि श्रमदान नहुनेमा उपभोक्ता समिति गठन गरी निर्माण व्यवसायीबाट काम गराई कार्यालयको लागत अनुमान बरावर निर्माण व्यवसायीको डोजर र इन्धन विल राखी भुक्तानी दिने गरेबाट उपभोक्ता समितिले मध्यस्थकर्ताको काम गर्ने गरेको देखियो। लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट सिफारिश भएको अवस्थामा मात्र सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेमा योजनाका उपभोक्ता समितिहरुले प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको देखिएन। श्रमदान नहुने यस प्रकारका कार्यहरुमा उपभोक्ता समिति संलग्न गराई खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

गो भौ नं	वार्ड	रकम	इन्धन पेश्की लिटर
१७९	विपद व्यवस्थापन समिति वार्ड नं १	८१७९२	२००
११३	विपद व्यवस्थापन समिति वार्ड नं २	१६६७१६७	१७००
११५	शिखर युवा क्लब	४८६५४८	४०
११०	रुप्से किटनी टोल विकास संस्था	४४६२००	१४०
११४	फुर्के बसन्त टोल विकास संस्था	२१६४०७०	२१२०
१४३	विपद व्यवस्थापन वार्ड नं ६	७६८८७४	११००
२३१	विपद व्यवस्थापन वार्ड नं ७	१५७५२८०	२४५०
१४८	विपद व्यवस्थापन वार्ड नं ८	११७४१९३	९००
११२	विपद व्यवस्थापन वार्ड नं ९	९५४५१९	४४०
५७	विपद व्यवस्थापन वार्ड नं १०	५७२३००	४२०
२३०	विपद व्यवस्थापन वार्ड नं ११	१८६४८४८	१२२०
१११	विपद व्यवस्थापन वार्ड नं १२	१५४९९१५	१४८०
कुल जम्मा		१३३०५७०६	१२२१०

३८.१० **निर्माण अवधि-** कार्यालयले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्य, सम्झौता बमोजिम समयमा नै सम्पन्न गराउनुपर्दछ। नमुना छनौट गरी परिक्षण गर्दा निम्न उपभोक्ता समितिहरुले निर्माण कार्यका लागि प्रथम र दोश्रो चौमासिकमा कार्यालयसँग सम्झौता गरे तापनि अन्तिम चौमासिक अर्थात जेष्ठ र असार महिनामा मात्र कार्य सुरु गर्ने गरेको देखियो। उपभोक्ता समितिले समयमा नै कार्य सम्झौता गरेतापनि आर्थिक बर्षको अन्तिममा मात्र निर्माण कार्य गर्दा निर्मित संरचनाको गुणस्तर नहुने तथा निर्मित संरचनाहरुको प्रभावकारी अनुगमन गर्न समेत कठिनाई उत्पन्न हुने हुदाँ उपभोक्ता समितिले कार्यादेश प्राप्त गरेको मितिबाट नै निर्माण कार्य सुरु गरी समयमा नै सम्पन्न गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन्।

गोश्वारा भौचर मिति	उपभोक्ता समितिको नाम	सम्झौता रकम	सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	निर्माण सामाग्री खरिद विल अनुसार निर्माण कार्य सुरु	कार्य सम्पन्न प्रतिवेदन अनुसार कार्य सम्पन्न मिती	भुक्तानी रकम
१०-२०८१।६।७	बालुवाचौर सामुदायिक भवन निर्माण	५५७७५४	२०८०।५।७	२०८१।३।३०	२०८१ जेष्ठ	२०८१।३।३०	४८४७०२
११-२०८१।६।७	नौखण्डे बजार व्यवस्थापन समिति	१८४२८३	२०८०।११।१८	२०८१।३।२	२०८१ आषाढ	२०८१।।३।१५	१४९९८५
१३-२०८१।६।७	घाटा दरबार महादेव गुफा पैदलमार्ग उ.स	१११५५००	२०८०।११।१३	२०८१।३।२४	२०८१ जेष्ठ	२०८१।३।२४	७९५०१८
३१५-२०८२।३।२३	कटाँलु सोलिन्डोल सडक निर्माण उ.स	८९३१२२	२०८१।७।३०	२०८२।३।१५	२०८२ असार	मिति उल्लेख नभएको	७६४६०६

३९ **चित्लाङ वृहत खानेपानी योजना**

नगरपालिकाको रु.२६,६०,०००। र उपभोक्ता समितिको श्रमदान रु.३८७०३०। समेत रु.२९,१६,२३२। लागत अनुमान रहेको चित्लाङ वृहत खानेपानी योजना मिति २०८२।३।२५ मा सम्पन्न गर्ने गरी कार्यालयले मिति २०८१।१२।१७ मा चित्लाङ वृहत खानेपानी योजना उपभोक्ता समितिसँग सम्झौता भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

३९.१ **डि.पि.आर-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क बमोजिम सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गरी नियम १४ बमोजिमको अधिकारीबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ। कार्यालयले उक्त खानेपानी योजनाको विस्तृत परियोजना निर्माण गरी ड्रोइङ, डिजाइन र स्पेशिफिकेशनका आधारमा लाभान्वित हुने घरपरिवार एकिन गरी कार्य गर्नुपर्नेमा सो नगरी टुक्रा बजेट बिनियोजन गरी बजेटको आधारमा लागत अनुमान तयार गर्ने, सोही आधारमा कार्यसम्पन्न प्रतिवेदन र नापि तयार गर्ने गरेको पाइयो। डि.पि.आर बेगर थोरै बजेट विनियोजन गरी बजेटको आधारमा लागत अनुमान तयार गरी कार्य गर्दा निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुने, तोकिए बमोजिमको गुणस्तर कायम नहुने र निर्मित संरचना अधुरो रहने जस्ता समस्या देखिन सक्ने हुदाँ जटिल संरचना निर्माण गर्नु अघि पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र निर्माण कार्य सुचारु गर्नुपर्दछ।

३९.२ **खानेपानीको गुणस्तर परिक्षण र डिस्चार्ज** – कार्यालयले खानेपानी योजना सञ्चालन पूर्व उपलव्ध खानेपानी पिउनयोग्य भए नभएको गुणस्तर जाँच गर्नुपर्नेमा गरेको छैन भने निर्माण गर्नुपुर्व प्रति सेकेण्ड डिस्चार्ज हुने पानीको मात्रा अनुमान तयार गरी पानी टेङ्की निर्माणको कार्य गर्नुपर्नेमा सो बेगर भौतिक संरचना निर्माण गरेको छ। यसबाट माग अनुसारको पानी आपूर्ति हुनेमा आश्वस्त हुन सकिएन।

३९.३ **पानी मुहान र टंकी बन्ने जग्गाको स्वामित्व-** कार्यालयले खानेपानी आयोजना सञ्चालन गर्नुपूर्व पानीको मूल र पानी ट्याङ्की निर्माण हुने जग्गाको स्वामित्व निर्माण उपभोक्ता समितिले प्राप्त गर्नुपर्नेमा गरेको देखिएन।

३९.४ **पाइप तथा समर्सिवल पम्प जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि किताबमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त योजनाको लागि ५० एम.एमको पाइप ४०० मिटर, ४० एम.एमको पाइप ३०० मिटर र ३२ एम.एमको पाइप ६०० मिटर समेत १३०० मिटर एच.डि.पि पाइप रु.१,८१,२१२ र १० एच.पि समर्सिवल पम्प र कन्ट्रोल प्यानल रु.२,४७,४६०। समेत रु.४,२८,६७२। को सामाग्री खरिद बापत उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा उक्त योजनामा जडान भएको देखिएन। अत खरिद भएको उक्त सामाग्री योजनामा जडान भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,२८,६७२

४० **आयोजना सम्झौता किताब**

कार्यालयले उपभोक्ता समिति मार्फत हुने योजनाहरुमा सहजिकरण गर्ने हेतुले आयोजना सम्झौता किताब छपाई गरेको देखियो। उक्त आयोजना किताबमा उपभोक्ता समितिको सम्झौता देखी अन्तिम भुक्तानी गर्दा संलग्न गर्नुपर्ने कागजातहरु टाँस गर्ने ढाँचा निर्माण गरेकोमा सो किताबको प्रभावकारी प्रयोग भएको छैन। कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौतामा उपभोक्ताको जनश्रमदानको अंश नखुलाइएको, सम्झौतामा हस्ताक्षर गर्ने पदाधिकारीको नाम पद नखुलाएको, आयोजनाको प्रगति अवस्था, खर्च विवरण, सार्वजनिक परीक्षणमा शीर्षकगत रुपमा खर्च खुलाउनुपर्ने नगरेको, आयोजनाको अनुगमनको क्रममा देखिएका विषयवस्तुको टिपोट नगरेको, प्राविधिक लागत अनुमान, नापी मूल्याङ्कन, उपभोक्ता समितिको प्राविधिक विल लगायत अन्य खर्च विल भर्पाई संलग्न गरेको छैन। यसबाट कार्यालयले उपभोक्ता समितिबाट भएका कार्यहरुलाई व्यवस्थित गर्दै खर्च भुक्तानीलाई व्यवस्थित गर्न छपाइ भएको योजना सम्झौता किताबको सहि सदुपयोग भएको देखिएन। नगरपालिकाको योजना शाखा मूख्य जिम्मेवार रहने योजना सम्झौतालाई व्यवस्थित गर्नुपर्दछ ।

४१ **नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार पार्दा डोलिडारको नर्मस प्रयोग गरी उपभोक्ता समितिले गर्ने काममा ९० प्रतिशत मेशिनले र १० प्रतिशत मानिसले गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेको छ। नमुना छनौट गरी ५ लाख भन्दा बढीका निम्न योजनाहरुमा M 15 को कार्य गर्दा कार्यालयले सडक निर्माण कार्यमा सडक विभागले जारी गरेको निर्माण सम्बन्धी नर्म्स २०७५ अनुसार कार्य गरी ढलान कार्य गर्नुपर्नेमा डोलिडारको नर्म्स प्रयोग गरेबाट रु.३७०१५२६। बढी व्ययभार परेको छ। योजनाको लागत अनुमान तयार गर्दा मितव्ययी हुने गरी निर्धारण गर्नुपर्दछ।

क्र.स.	योजनाको नाम	वार्ड न	कार्य परिणाम	सडक विभाग अनुसार दर	डोलीडार अनुसारको ल.ई दर	फरक	जम्मा
१	चेक्क ड्याम झोलुंगे पुल थोकर गाउँ सिड्डी निर्माण	१.	३१.९४	१००६४	११५५२	१४८८	४७५१६
२	गहते वाल		२.८८	१००६४	११५२१	१४५६	४१९६
३	कुलगाउँ चिहान गोरेटो बाटो , कुलगाउँ		४५.१४	१००६४	११५०८	१४४३	६५१५४
४	खानीगाउँ कुटीपक्कल सडक स्तरोन्नती		१५.५८	१००६४	११८१४	१७५०	२७२५७
५	ओखरबजार लम्चा भित्रि सडक		२६.७५	१००६४	११८१४	१७५०	४६८१२
६	टाखेल चियानडाडाँ गोरेटो बाटो निर्माण , टाखेल		३०.६५	१००६४	११९९४	१९२९	५९१३८
७	ठोस्नेखोला मोटर बाटो निर्माण	२.	५२.४२	१०७५०	१२३२६	१५७६	८२६२३
८	थाना बजार पूल देखि पालुङ्ग फेदिगाँउ चिसापानी चल्ती सडक स्तरोन्नती		१६६.४८	१०७५०	१२०१८	१२६८	२११०९३
९	देउराली भन्ज्याङ्ग पोखरी डाँडा मोटरबाटो निर्माण योजना		४४.४	१०७५०	११८०८	१०५८	४६९५१
१०	फाँटखोला देखी मत्स्यनारायण चोक सोल्टु मोटर बाटो निर्माण योजना		५८.२९	१०७५०	११९६३	१२१२	७०६७७
११	फुस्रामाटो मोटर बाटो निर्माण योजना		५३.१३	१०७५०	१२०७१	१३२१	७०१७६
१२	गणेशथान कोलाचौर मोटरबाटो निर्माण		१४३.९३	१०७५०	११३७८	६२८	९०३२०
१३	फाँटखोला देखी मत्स्यनारायण चोक सोल्टु मोटर बाटो निर्माण योजना		५८.२९	१०७५०	११९६३	१२१२	७०६७७
१४	घट्टेखोला मरणघाट निर्माण योजना	३.	७.०४	१०६०६	११७५५	११४८	८०८५
१५	कृष्ण मन्दिर महिला बिकास सडक स्लाब ढलान	४.	३६.१७	१०६०५	११८८५	१२८०	४६३००
१६	फुर्सेमाटो रुप्से सडक		१६६.४१	१०६०५	११८६७	१२६२	२१०००१
१७	भुमिस्थान आधारभूत स्वास्थ्य केन्द्र	५.	७.५	१०६७५	११८३४	११५९	८६९१
१८	मयल भंज्यंग सडक ,		१०.०७	१०६७५	११८३४	११५९	११६६५
१९	गणेशस्थान सडक	६.	४५.४४	१००८६	११६३८	१५५२	७०५०९
२०	पापुंग धारा मर्मत		४.५८	१००८६	११६३२	१५४५	७०८४
२१	बंशीडोल सडक		८.८२	१००८६	११७७०	१६८४	१४८५७
२२	शिखरखेल फर्सिखेल गोरेटोबाटो		२१.७१	१००८६	११६९८	१६११	३४९७७
२३	राम्चे सल्ले सडक स्तरोन्नती	७	३०.३७	१०२३९	१२०९९	१८५९	५६४७४
२४	डाँडाबास सुन्दरी देवी मन्दिर जाने बाटो		१७.८५	१०२३९	१२०८६	१८४७	३२९५४
२५	खर्कखोला जौखोरिया कृषि सडक		६.१८	१०२३९	१२०९९	१८५९	११४९५
२६	थाक्ले गर्तौला टोल खानेपानी		४.७९	१०२३९	११९०२	१६६३	७९५९
२७			१०.६१		१२७८२	१२७८२	१३५६३५

२८	काभ्रे, हुलाक डांडा , खानीगाउं , पुरानखानी , वडा कार्यालय जाने सडक	८	८७.८९	१०२०४	११९०४	१७००	१४९४०१
२९	लामेचौर रातमाटे , भोर्ले सडक		४२.४३	१०२०४	११८३५	१६३१	६९१९७
३०	देवीस्थान, बाहमुरे , लाग्रे सडक		२१.४५	१०२०४	११९०४	१७००	३६४५३
३१	वि.के.के.एस सडक		११५.८३	१०२०४	११९०४	१७००	१९६८८३
३२	काटेनी खोल्ची धापटोल बाहुनगाउं चुहान खानेपानी		३.०२	१०२०४	११९६२	१७५७	५३०१
३३			१९.			०	०
३४	देउलाटोल गोरेटो बाटो। सडक ढलान	९	५५.६	१०३७२	११९४२	१५७०	८७२७४
३५	जलदेवी विद्यालयदेखि वि.क. टोलसम्मको सडक निर्माण		३.८१	१०३७२	१०५७७	२०५	७८०
३६	जुङ्गे खोला सडक निर्माण		६३.३१	१०३७२	११९४२	१५७०	९९३७६
३७	खलिवन सडक निर्माण योजना		३६.९३	१०३७२	११९४२	१५७०	५७९६८
३८	कुचगु डबली तलेजु कोटघर सडक मर्मत		४.८	१०३७२	१२९३०	२५५८	१२२७८
३९	मूल सडकदेखि फरेष्ट्रि सम्म जाने सडक निर्माण		६२.१	१०३७२	१२१३७	१७६५	१०९६१०
४०	महादेवस्थान विचारीथोक सडक निर्माण योजना		९.०१	१०३७२	११९४२	१५७०	१४१४३
४१	शिवालय खानेपानी		३.५९	१०३७२	११९४२	१५७०	५६३५
४२	टाकाटार खर्क सडक		४.०४	१०३७२	१२६३४	२२६२	९१३७
४३	चित्लाङ वृहत खानेपानी		३.७६	१०३७२	१२६४६	२२७४	८५५२
४४			२५.७४		१६६६८	१६६६८	४२९०३५
४५	जलदेवी राकाश गुफा ट्रेल निर्माण		१३.९७	१०३७२	१२११८	१७४६	२४३८५
४६	नौखण्डे टौखेल सिचाइ कुलोमर्मत	१०	२२.८९	१०४७५	११९८३	१५०८	३४५२१
४७	चम्पाकेश्वर मन्दिर परिसर मर्मत सम्भार		५९.०९	१०४७५	११९६८	१४९३	८८२०४
४८	कलाँट्टु सोसिन्डोल सडक स्तरोन्नति		५.१	१०४७५	११७५५	१२८०	६५२१
४९	तल्लो विसिङ्खेल गोरेटोबाटो स्तरोन्नति		३३.४१	१०४७५	११९६८	१४९३	४९८६९
५०	न्हुगाउँ-चनवन सडक स्तरोन्नति		४४.९१	१०४७५	११९६८	१४९३	६७०३३
५१	अम्पुडोलबस्ती डबली निर्माण		१३.०९	१०४७५	११९६८	१४९३	१९५४५
५२	टौखेल गोरेटोबाटो मर्मत		२२.७५	१०४७५	११९६८	१४९३	३३९६५
५३	चम्पेश्वर विद्यालय मर्मत		११.४८	१०४७५	११९६८	१४९३	१७१४२
५४	मलागिरी सामुदायिकभवन निर्माण कार्य	११	५.४	१०५१८	११८२८	१३१०	७०७७
			१०.१३	१०५१८	११८२८	१३१०	१३२६७
५५	महांकाल बिद्धयालय मर्मत सम्भार		३.८७	१०५१८	११७५५	१२३७	४७८७
५६	चित्रे कुवापानी गोरेटो बाटो निर्माण		२९.२६	१०५१८	११९०२	१३८५	४०५२४

५८	स्टोर डाँडा गंगथोक गोरटोबाटो निर्माण		२२.८४	१०५१८	११७५५	१२३७	२८२५३
५९	छोटेटोल सामुदायिकभवन निर्माण		१२.३९	१०५१८	११८२८	१३१०	१६२३४
६०	घातेपाटीमा मलामी निर्माण योजना (खाप्लुंग भन्ज्यांगर तल्लो दौराली)		३.८६	१०५१८	११७९९	१२८१	४९५०
६१	वडा कार्यालय भवन तला थप	१२	१०.८८	१०८०३	१२२०६	१४०२	१५२५९
६२	गैरीगाउँ खानेपानी आयोजना (एक घर एक धारा)		४.८४	१०८०३	११९४१	११३८	५५११
६३	मानेडाडाँ मुलाबारी सडक स्तर उन्नति		१०४.३४	१०८०३	१२५६५	१७६२	१८३८४२
६४	नागदह सात कन्या मन्दिर निर्माण		८.९३	१०८०३	१२६३३	१८३०	१६३४८
६५	नागदह लिती आधामारा सडक पक्कि नाली निर्माण		९०.२५	१०८०३	१२०८७	१२८४	११५८४५
६६	काफलडाडाँ आलम्पुर सडक		३८.६८	१०८०३	१२५६५	१७६२	६८१४५
	जम्मा रकम						३७०१५२६

४२ गणेशस्थान कोलाचौर मोटरबाटो निर्माण

कार्यालयले गणेशस्थान कोलाचौर मोटरबाटो निर्माण कार्यको लागि मोटरबाटो निर्माण उपभोक्ता समितिसँग मिति २०८१।१२।३० मा कार्य सम्पन्न गर्ने गरी मिती २०८१।१०।१८ मा कार्यालयको अंश रु.१९,४०,०००। समेत रु.२२,३१,९३६। लागत अनुमान तयार गरी सम्झौता भएको देखियो। सम्झौता अनुसार उक्त योजना तोकिएको समयावधि भित्र सम्पन्न गर्नुपर्नेमा उपभोक्ता समितिले कार्य नगरेको कारण कार्यवाहक वडाध्यक्ष युवराज विष्टले म्याद थपको लागि २०८१।२।१५ मा योजना शाखालाई पत्र लेखेको देखियो । कार्यालयले उक्त पत्र अनुसार म्याद थपको कारवाही गर्नुपर्नेमा सो नगरी कार्यादेश दिएको मितिको पत्रमा उल्लेखित सम्पन्न हुनुपर्ने मितिलाई हातले सच्याएर २०८२।३।३० गराएको देखियो। कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्त अनुसार तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई सचेत गराई सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तोकिए बमोजिम निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

४३ आनुपातिक कट्टी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको जनसहभागिताको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले निम्न उपभोक्ता समितिलाई निम्नानुसार भुक्तानी गर्दा जम्मा कार्य सम्पादन मूल्याङ्कनबाट उक्त उपभोक्ता समितिको जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेकोले रु.१३,०४३। बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

गो.भौ.नं.मिति	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिका		जम्मा लागत अनुमान	जन श्रमदान	कार्यालयले व्यहोर्ने अंश	कार्यसम्पन्न प्रतिवेदन अनुसारको जम्मा रकम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तान
		अध्यक्षको नाम	सचिवको नाम							
३०५-२०८२।३।२२	राम्चे सल्ले सडक उस्तोन्नती उ.स	जगत वाइबा	विमला सिन्तान	११११५५००	२०८९६५	९७००००	११०३२५०	९५९३४८	९६९७१७	१०३
३०३-२०८२।३।२२	फुस्रोमाटो रुप्से सडक निर्माण उ.स	विक्रम लामा	निर्मल लामा	२७८८८१४	३६३७५०	२४२५०००	२६८६२३२	२३३५८००	२३३८४७४	२६७
	जम्मा									१३०

असुल गर्नुपर्ने	१३,०४३

४४ **बीमा अवधि**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) घ र ङ मा सम्झौता बमोजिम निर्माणस्थल सुम्पिएको मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको बीमा गर्नुपर्ने तथा सोही नियमको उपनियम ६ मा नियममा उल्लिखित प्रावधानको प्रतिकुल हुने गरी वीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानी नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारीको हुने उल्लेख छ। उपभोक्ता समितिहरुले निर्माणस्थल सुम्पिएको अवधिदेदेखि त्रुटि सच्याउने अवधीसम्मको बीमा गर्नुपर्नेमा नगरी देहाय अनुसार घटी अवधिको बीमा गराएको देखिँदा आनुपातिक रुपले हुने घटी अवधि बराबरको बीमा भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

गोश्वारा भौचर	कार्य विवरण	उपभोक्ता समितिको नाम	बीमा कम्पनीको नाम	हुनुपर्ने बीमा अवधि	पेश हुनुपर्ने	पेश भएको			भुक्तानी रकम	बिमा नभएको महिना	असुल गर्नुपर्ने
					जम्मा महिना	बीमा अवधि	त्रुटि सच्याउने अवधि	महिना			
९२-२०८१।१०।१४	चम्पाकेश्वर मन्दिर परिसर मर्मत	चम्पाकेश्वर मन्दिर परिसर मर्मत उ.स	आइ.जि.आई प्रुडेन्टियल विमा कम्पनी	२०८१।५।७-२०८१।९।२९	४	२०८१।९।९-२०८१।९।२९	२०८२।९।२९	१	६८२६		६८२६
९९-२०८१।११।१	नागदह लीति आदामारा सडक पक्की नाली निर्माण	नागदह लीति आदामारा सडक पक्की नाली निर्माण उ.स	शिखर इन्स्युरेन्स कम्पनी प्रा.ली	२०८१।६।१६-२०८२।१२।३०	६	२०८१।८।१३-२०८१।१२।१	२०८२।११।३० सम्म	४	९६००	२	३२००
३०३-२०८२।३।२२	फूस्रोमाटो रुप्से सडक निर्माण	फूस्रोमाटो रुप्से सडक निर्माण उ.स	शिखर इन्स्युरेन्स कम्पनी प्रा.ली	२०८१।७।६-२०८२।३।३०	९	२०८२।३।९-२०८२।४।९	२०८३।४।८	१	९९०८	८	८८०७
जम्मा											१८८३३
										असुल गर्नुपर्ने	१८,८३३

४५ **निर्माण व्यवसायी मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । नमुना छनौट गरी कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु परिक्षण गर्दा उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीबाट काम गराई कार्यालयको लागत अनुमान बरावरनै निर्माण व्यवसायीको डोजर र इन्धन विल राखी भुक्तानी दिने गरेको देखियो । उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो। लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट सिफारिश भएको अवस्थामा मात्र सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेमा योजनाका उपभोक्ता समितिहरुले प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको देखिएन। श्रमदान नहुने यस प्रकारका निर्माण कार्यहरुमा उपभोक्ता समिति संलग्न गराई खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

गोश्वारा भौचर र मिति	योजना	निर्माण व्यवसायीको नाम	लागत अनुमान	निमाण व्यवसायीको विल रकम	इन्धन विल	कार्यालय अंश	कार्य सम्पन्न	भुक्तानी
२०-२०८१।६।८	जकरघारी सडक निर्माण थाहा ४	सुजन निर्माण सेवा	१११५६७७	३७९६८०	४४०३९९	९७००००	८८५१७९	७६९६६४
३७-२०८१।६।१५	ग्रामिण सडक सुधार समिति	कालिदेवी निर्माण सेवा	५७०६८५	३३०४१६ र १८७२००	०	४८५०००	५१४५७७।७	४४७४५८
१११-२०८१।११।९	वडा नं १२ विपत् व्यवस्थापन समिती	पम्फा देवि कन्स्ट्रक्सन सहित ३	१३३८६००	७१८४५४	३५८७७७	११६४०००	१३३७३१४	११६२९१५
११२-२०८१।११।९	विपद् व्यवस्थापन समिति ९	सुभद्रा कन्स्ट्रक्सन	१००३९३२	३५९०००	६७२०४८	९७००००	९९८२८२	९६४५१९
जम्मा								३३४४५५६

४६ **खर्च शिर्षक फरक**

महालेखा नियन्त्रकको कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या २०७४ बमोजिम सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्नुपर्ने उल्लेख छ। कार्यालयले देहायका योजनाहरुमा लेख्नुपर्ने खर्च शिर्षकभन्दा फरक खर्च शीर्षकबाट भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

गोश्वारा भौचर नम्बर	खर्च लेखेको शीर्षक	लेख्नुपर्ने खर्च शीर्षक	रकम	कैफियत
२१७-२०८२।१।२५	गत बर्षको भुक्तानी बाँकी पूँजीगत योजनाहरु	कार्यालय व्यवस्थापन	३७२१०२	
२७५-२०८२।३।१९	साझेदारी कोष	तल्लो बिसिङखेल गोरेटोबाटो निर्माण उ.स	४७८९२८	
३११-२०८२।३।२३	साझेदारी कोष	गत बर्षको भुक्तानी बाँकी पूँजीगत योजनाहरु	६३७०४४	गतको योजना तल्लो भोटखोरीया सडक निर्माण उ.स
३२०-२०८२।३।३०	साझेदारी कोष	गत बर्षको भुक्तानी बाँकी पूँजीगत योजनाहरु	२५४५५०	गतको योजना संकटा मन्दिर माझटोल सडक
जम्मा			१७४२६२४	

अनियमित भएको	१७,४२,६२४

४७ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी विवरण तयार गरेको छैन । तोकिए बमोजिम खर्चको विवरण तयार गरेर सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

४८ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष साना तथा टुक्रे योजनामा देहाय अनुसार बजेट विनियोजन गरेको छ ।

सि.न.	विवरण	योजना संख्या
१	रु ५ लाखभन्दा कमका योजनाहरु	४१
२	रु ५ लाख देखी २० लाख सम्मको योजनाहरु	९२
३	रु २० लाख भन्दा माथिका योजनाहरु	३
	जम्मा	१३६

४९ **कर संकलन**

४९.१ **आयको अनुमान र असुली-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको विगत तीन वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आर्थिक बर्ष	राजश्व अनुमान	राजश्व असुली	असुली प्रतिशत
२०८१।८२	४८३५००००	४५६०५६६८।६	९४।३२
२०८०।८१	४५४५००००	६०७७२४८०।७	१३३।७१
२०७९।८०	४६३२४५००	३०६२८९९१।४	६६।११

उपरोक्त विवरण अनुसार आ.व २०७९।८० मा ६६.११ प्रतिशत तथा आ.व २०८०।८१ मा १३३.७१ प्रतिशत अनुमानित आयको राजश्व संकलन गरेकोमा यस वर्ष अनुमानको तुलनामा ९४.३२ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ।पालिकाले राजश्व अनुमान तथा प्रक्षेपण लाई विश्वश्नीय तथा बैज्ञानिक बनाउदै संघीय र प्रदेश सरकारप्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ।

४९.२ **शिर्षकगत राजस्व संकलन-** पालिकाले पेश गरेको विवरण अनुसार यस बर्षको शिर्षकगत आम्दानीको लक्ष्य तथा प्रगतिको स्थिति देहाय अनुसार रहेको छ ।

राजश्वको शीर्षक		अनुमान	संकलन	असुली प्रतिशत
१	सम्पत्ति कर	७००००००	७७७४७८७।३२	१११।६
२	भुमि कर बक्यौता	५००००	५४००	१०।८
३	बहाल कर	३००००००	२८७६६३९।४	९५।८८
४	व्यवसाय कर (अटो दर्ता समेत)	४००००००	४१७५०५०	१०४।३७
५	बहाल वटौरी शुल्क	५०००००	४२१००	८।४२
६	नक्सापास	१००००००	११६८४८।१५	११।६८
७	दस्तुर सेवा शुल्क सिफारिस	५५०००००	४८६८२०५	८८।५१
८	फोहोरमैला कवाडी विक्री	३०००००	७१००५	२३।६६
९	पर्यटन शुल्क	५०००००	०	०
१०	विज्ञापन कर र होडिङ्ग बोर्ड	५००००	०	०
११	मनोरन्जन कर	१५००००	०	०
१२	मालपोत रजिष्ट्रेशन	२०००००००	१२९२५६८३	६४।६३
१३	निकासी कर	५३०००००	४३४६१५३	८२।२
१४	विविध	१००००००	२५२७९०६।४८	२५२।७९
१५	बैक मौज्दात		५८७५८९१।२८	
जम्मा		४८३५०००००	४५६०५६६८।६३	९४।३२

समग्रमा लक्ष्यको तुलनामा ९४.३२ प्रतिशत प्रगति हासिल गरेको छ । मनोरञ्जन, पर्यटन शुल्क तथा विज्ञापन करतर्फ लक्ष्यको तुलनामा राजस्व संकलन शुन्य देखिएको छ ।पालिकाको कार्यक्षेत्रभित्र रहेका व्यवसायबाट के कति रकम प्राप्त गर्नुपर्ने हो सोको विवरण राखी पालिकाद्धारा जारी आर्थिक ऐन बमोजिम कर संकलन गर्नुपर्दछ । उठ्न बाँकी रकम असुल गर्न तरताकेता गर्ने र निरन्तर अनुगमन गरी नगरपालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बृद्धि गर्नुपर्दछ।

४९.३ **दहत्तर बहत्तर शुल्क-** यो बर्ष पालिकाले २ आय ठेक्काको सम्झौता मार्फत रु २९९४५६२७। र ४ कर संकलक र नगर प्रहरी मार्फत नगदी रसिदको प्रयोग गरी रु ९५७१४८९। समेत रु ३९५१७११६। दहत्तर बहत्तर कर संकलन गरेको छ ।

	IEE को Qty(घन मिटर)	दर(प्रति घन फिट)	न्युनतम बोलपत्र रकम (भ्याट बाहेक)	कबोल रकम (भ्याट सहित)	किस्ता रकम र मिति		
					प्रथम	दोस्रो	तेस्रो
Rev Thaha/01/२०८१/०८२	५४३६५	७	१,३४,३७,३९७।०५	१,८०,८०,०००	१८,०८,००० (२०८१।०९।१२)	५४,२४,००० (२०८१।१०।२९)	१,०८,४८,००० (२०८२।०२।१३)
Rev Thaha/0२/२०८१/०८३	२६६४९	७	७५,५७,०७९।७३	१,१८,६५,६२७.१	११,८६,५६३ (२०८१।०८।२८)	३५,५९,६८९ (२०८१/११/०८)	७१,१९,३७७ (२०८२।०२।२८)
४ कर संकलक र नगर प्रहरी मार्फत २०८१।४।१ देखि आय ठेक्का सम्झौता हुनु अगाडी				९५७१४८९			
जम्मा				३९५१७११६			

यस सम्बन्धमा देखिएका थप बेहोरा देहाय बमोजिम रहेका छन् ।

४९.४ **आय ठेक्का नं १/२०८१/०८२ Rev/Thaha/01/081/082 तर्फ** आय ठेक्का नं १/२०८१/०८२ Rev/Thaha/01/081/082 आग्रा क्षेत्र (वडा नं. ७ र ८) को दुश, गिट्टी, बालुवा लगाएत नदीजन्य पदार्थको उत्धनन् सकलन तथा बिकिको लागि कुम्लुङ निर्माण सेवासँग वातावरणीय अध्ययन प्रतिवेदन IEE प्रतिवेदन अनुसार ५४३६५ घनमिटरसम्म उत्खनन् गर्ने गरी रु१.३४,३७३९७.०५। को सम्झौता भएकोमा बर्षान्तमा उक्त निर्माण सेवाले पेश गरेको विवरण ४९८४४.६७ घन मिटर मात्र उत्खनन् गरेको देखाएको छ । सम्झौताको शर्तको बुँदा नं १४ मा सम्झौता अवधिमा तोकिएको परिमाण भित्र रहेर मात्र उत्खनन् गर्न पाइने र उत्खनन् संङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको आर्थिक बर्षको अन्त्यमा शुन्य गर्नुपर्ने र शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्ने उल्लेख छ । तर पालिकाले च नं २१२ २०८२।४।१३ मा जिल्ला समन्वय समितिको कार्यालय हेटौडा मकवानपुरलाई प्रेषित गरेको स्टक प्रमाणित पत्रानुसार आग्रा क्षेत्र वडा नं ७ र ८ मा रहेका ३ क्रसरमा शुन्य र ४ क्रसरमा ३४८५५.४८ घन मिटर मौज्दात रहेको देखिन्छ । उक्त विवरण अनुसार सो क्षेत्रमा यो बर्ष ८४७००.१५ घन मिटर परिमाण ढुँगा गिट्टी तथा बालुवा उत्खनन् भएको देखिन्छ । जस अनुरुप तोकिएको परिमाण भन्दा ३०३३५.१५घन मिटर परिमाण उत्खन्न भएको देखिन्छ । तोकिएको परिमाणभन्दा बढी उत्खनन् भएको देखिँदा सम्झौताको पालना भएको देखिएन ।

४९.५ **आय सम्झौता २/२०८१/०८२ Rev/Thaha/02/081/082 तर्फ-** आय ठेक्का नं २/२०८१/०८२ Rev/Thaha/02/081/082 पालुङ क्षेत्र (वडा नं. २, ३, ५ र ६) को ढुङ्गा, गिट्टी, बालुवा नदीजन्य पदार्थको उत्खनन् सकलन तथा बिकिको लागि ग्लोरियस कन्स्ट्रक्सन प्रा लिसँग वातावरणीय अध्ययन प्रतिवेदन IEE प्रतिवेदन अनुसार २६६४९.३ घनमिटरसम्म उत्खनन् गर्ने गरी रु७५,५७,०७९.७३ मा माटो सहित को सम्झौता भएकोमा बर्षान्तमा उक्त निर्माण सेवाले पेश गरेको विवरण २९६४२ घन मिटर उत्खनन् गरेको देखाएको छ । सम्झौताको शर्तभन्दा बढी उत्खनन गरेकोमा सो बापतको राजस्व संकलन गरेको छैन । साथै पालिकाले च नं २१२ २०८२।४।१३ मा जिल्ला समन्वय समितिको कार्यालय हेटौडा मकवानपुरलाई प्रेषित गरेको स्टक प्रमाणित पत्रानुसार उक्त क्षेत्रमा २६७२३.७६ घन मिटर मौज्दात रहेको देखिन्छ । उक्त विवरण अनुसार सो क्षेत्रमा यो बर्ष ५६३६५.७६ घन मिटर परिमाण ढुँगा गिट्टी तथा बालुवा उत्खनन् भएको देखिन्छ । जस अनुसार तोकिएको परिमाण भन्दा २९७१६.४६ घन मिटर बढी परिमाण उत्खन्न भएको देखिन्छ । सम्झौताको शर्तको बुँदा नं १४ मा सम्झौताको शर्तको बुँदा १४ मा तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् गर्न रोक लगाइने र उत्खनन् संङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको आर्थिक बर्षको अन्त्यमा शुन्य गर्नुपर्ने र शुन्य गर्न नसकेको

परिमाण नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्ने उल्लेख छ।तोकिएको परिमाणभन्दा बढी उत्खनन् भएको देखिँदा सम्झौताको पालना भएको देखिएन ।

५० **आन्तरिक आय**

५०.१ **सम्झौता परिमाण भन्दा बढी निकासी**

(..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८३६,०८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५०.२ **आय उपकरण परिचालन-** पालिकामा विभिन्न ५ प्रकारका आय उपकरण रहेको सो सँग सम्बन्धित आय तथा खर्चको अवस्था देहाय अनुसार रहेको देखिएको छ ।

सि न	उपकरणको नाम	आय	मर्मत खर्च	चालक खर्च	इन्धन
१	ट्याक्टर	८८०००	८६६००	०	नखुलेको
2	ब्याकहो लोडर	१६३९६९६	८७४२६४।२५	३८६४६४	नखुलेको
3	रोलर	९४४०२०	२८६३८।७२	३८६४६४	नखुलेको
4	ट्रिपर	१३२००५	३१९८८०।७३	३८६४६४	नखुलेको
5	एम्बुलेन्स	०	२४६५४०	०	नखुलेको
		२८०३७२१	१७१६१५६।७	११५९३९२	

समग्रमा ती आय उपकरणको प्रयोगबाट रु २८ लाख ४ हजार आय गरेको देखिएको एवं मर्मत तथा चालक खर्चमा रु २८ लाख ७५ हजार खर्च गरेको छ साथै सो सञ्चालनमा प्रयोग भएको इन्धनको विवरण खुलाएको छैन । उक्त उपकरण परिचालनबाट आय भन्दा व्ययभार बढी रहेको अर्थात सञ्चालन घाटा रहेको देखिन्छ ।नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नुपर्ने एवं उक्त उपकरण परिचालन मार्फत आय बढोत्तरी गर्नुपर्दछ ।

५०.३ **व्यवसाय कर-** नगरपालिकाको आर्थिक ऐन,२०८१।८२ अनुसार पालिकाभित्र सञ्चालित व्यवसाय करको दर उल्लेख छ । पालिका तथा पालिकाभित्र उपभोक्ता समिति एवं निर्माण व्यवसायीद्धारा सञ्चालित विभिन्न निर्माणजन्य कार्यमा देहायका उद्योगबाट कारोबार भएको देखिन्छ तर उक्त फर्महरु तथा उद्योगबाट पालिकाले आर्थिक ऐन अनुरुप तोकिएको व्यवसाय कर संकलन गरेको देखिएन । पालिका अन्तर्गत रही व्यवसाय सञ्चालन गरेको देहायका संस्था /फर्म/ बाट तोकिए बमोजिमको व्यवसाय कर उठाएको नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

क्र.स.	क्रसर उद्योगहरुको नाम	संचालकको नाम	ठेगाना	नवीकरण भए/नभएको	दर
१	बसेरी कालिका स्याण्ड एण्ड एग्रिगेट	यन्त्र ब. थापा	थाहा-८	नभएको	१५००००
२	रक्त कालिका वालुवा प्रशोधन उद्योग प्रा.लि.	शिवराम रेग्मी	थाहा-८,	नभएको	१५००००
३	सिद्धि विनायक विल्डर्स वासिङ्ग प्लान्ट प्रा.लि.	विपिन गोपाली	थाहा-१, खोलाखर्क	नभएको	१५००००
४	पि. एस वालुवा उद्योग	सुरज सिं ठकुरी	थाहा-५, खोलाखर्क	नभएको	५००००
५	साझा रोडा ढुङ्गा उद्योग	राम राजा के.सी.	थाहा-१, खानीगाउँ	नभएको	१५००००
६	ऋषेश्वर बालुवा उद्योग	नवराज लामा	थाहा-२	नभएको	५००००
७	आग्रा क्वालिटि माइनिङ्ग उद्योग	विजय प्रसाद पलिखेल	थाहा ८ आग्रा	नभएको	१५००००
८	एवन सगरमाथा बालुवा उद्योग	अक्कल ब. तामाङ	थाहा-५ फुर्के	नभएको	५००००
९	डि एच पि मल्टी सप्लायर्स	सञ्जिव लामा	थाहा -५, नलिवन	नभएको	५००००
	जम्मा				९५००००

असुल गर्नुपर्ने	९,५०,०००

५१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।यस वर्ष पालिकाले विद्युतिय खरिद विधी मार्फत सोफी इन्टरनेशनल प्रा.लि (६०४२९९६१) बाट खरिद गरि संघिय सशर्तको (चालु) गो.भौ.नं.१०७-०१।२३ बाट रु.११४४००० तथा नगरपालिका(चालु)को गो.भौ.नं.३८४-०१।२३ बाट रु.९६९३०१ गरी जम्मा रु.२११३३०१ औषधी खरीद गरेको छ।पालिकाले आपूर्ति गरिएका औषधिको भएको औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको देखिएन।साथै यो बर्ष पालिकाले जनस्वास्थ्य कार्यालय मकवानपुर बाट रु.१६०३६९५।-बराबरको औषधि प्राप्त गरेको विवरण पेश गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए।नभएको एकीन गरी औषधी व्यवस्थापन गर्नुपर्दछ।

५२ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका १२ वटा बर्थिङ सेन्टरको लागि यस वर्ष पालिकाले गो भौ नं ९९-१२।२१ बाट ५०० थान ७९५.५८ (भ्याट वाहेक) न्यानो झोलाखरिद गरी गीताश्वनी प्रोमेड प्रा.लि लाई रु.४४९५०२ भुक्तानी दिएको छ।.पालिकाको गत वर्ष १५० थान न्यानो झोला बाँकी रहेको र यस वर्ष ३५६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २९४ थान न्यानो झोला आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको र सो मध्ये १५० थान लेखापरीक्षण अवधिसम्म भण्डारमा रहेको देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार भए। नभएको परीक्षण गरेको देखिएन।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५३ **अनुदान वितरण**

पालिकले यस वर्ष संघिय, सशर्त प्रदेश शसर्त तथा नगरपालिका चालु तथा पूजीँगत शिर्षकवाट विभिन्न फर्म सहकारी संस्था मा आवद्ध कृषकलाई अनुदान वितरण गरेको छ।यस बर्ष वितरण गरिएको केही अनुदान देहाय अनुसार रहेको छ।

गो भौनं/ मिती	रकम प्राप्तिको स्रोत	अनुदानको किसिम	अनुदान प्राप्तगर्ने संस्था	कुल लागत	पालिकाको योगदान	कृषकको योगदान	प्रतिशत
१०-०२।०६	प्रदेश सशर्त	टनेल निर्माण	एकिकृत गोपाली कृषिसमुह	३२०५००	१३९४१७	१३९४१७	५०%
			चुनीपाखा कृषि तथा पशुपंक्षी कृषक समुह	३२०५००	१६०२५०	१६०२५०	
			राधा कृष्ण कृषि तथा पशुपंक्षी फर्म	१६०२५०	८०१२५	८०१२५	
			सुर्यदय बहुरउदेश्य कृषक समुह	३२०५००	१६०२५०	१६०२५०	
७-१२।१९	प्रदेश सशर्त		के एण्ड आर कृषि फर्म	१६०२५०	८०१२५	८०१२५	
			श्री गणेश कृषि तथा पशुपंक्षी फर्म	१६०२५०	८०१२५	८०१२५	
			श्री लक्ष्मी कृषि तथा पशुपंक्षी फर्म	१६०२५०	८०१२५	८०१२५	
498-3।12	नगरपालिका चालु	मिनी टिलर वितरण	टिष्टुङ साना किसान कृषि सहकारी संस्था लि.	७६०००	३८०००	३८०००	
			आग्रा कृषि सहकारी संस्था लि.	३८०००००	१९०००००	१९०००००	
			सुनौलो कृषि तथा पशुपंछी कृषक समूह	७६०००	३६५००	३६५००	
			सुन्तलाबारी कृषि सहकारी संस्था लि.	११४०००	५७०००	५७०००	
			जागृति कृषक समूह	७६०००	३८०००	३८०००	
			मेलखोला कृषि तथा पशुपंछी कृषक समूह	७६०००	३८०००	३८०००	
			सफल कृषक समूह	७६०००	३८०००	३८०००	
			नौपोखरी सबल कृषक समूह	७६०००	३८०००	३८०००	
			गैरीगाउँ कृषक समूह	७६०००	३८०००	३८०००	
			मालागिरी पशुपन्छी तथा कृषक समूह	७६०००	३८०००	३८०००	
			प्रगतिशिल कृषक समूह	७६०००	३८०००	३८०००	
			ज्वालामुखी कृषि तथा पशुपंछी कृषक समूह	३८०००	१९०००	१९०००	
			चित्रे कृषि तथा पशुपंछी कृषक समूह	७६०००	३८०००	३८०००	
			देवी सबल कृषक समूह	७६०००	३८०००	३८०००	
			दिनिसा कृषि तथा पशुपन्छी फर्म	३८०००	१९०००	१९०००	
			डुम्बारी कृषि तथा पशुपालन कृषक समूह	७६०००	३८०००	३८०००	
			कुच्चु एकिकृत कृषक समूह	११४०००	५७०००	५७०००	
			चित्लाङ्ग उद्यमशिल एकिकृत कृषक समूह	७६०००	३८०००	३८०००	
५२५-०३।१८	नगरपालिका चालु	मिनी टिलर वितरण	तमु बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म	३८०००	१९०००	१९०००	

			लक्ष्मी नारायण कृषि फर्म	३८०००	१९०००	१९०००	
			नव प्रगतिशिल पशुपंक्षी तथा कृषि समूह	७६०००	३८०००	३८०००	
			श्री वागेश्वरी कृषि सहकारी संस्था लि.	७६०००	३८०००	३८०००	
			एक्वापोनिक्स नेपाल	३८०००	१९०००	१९०००	
			त्रिवेणी सबल कृषक समूह	७६०००	३८०००	३८०००	
			विषेश्वर कृषक समूह	११४०००	५७०००	५७०००	
५७२-०३।२२	नगरपालिका चालु		गैरीगाउँ कृषि तथा पशुपंक्षी फर्म	३८०००	१९०००	१९०००	
२९३-०३।२२	नगरपालिका पूजींगत	टनेल निर्माण	भूतपूर्व सैनिक कृषि सहकारी संस्था लि	१६०२५०	८०१२५	८०१२५	
			रितिका कृषि तथा पशुफर्म	१६०२५०	७०५३७	७०५३७	
जम्मा				४०८९०००	२०१२५७९	२०१२५७९	५०%

पालिकाले कृषि क्षेत्रमा दिएको अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरेको छैन। कृषिमा आवद्ध कृषक लाई विभिन्न सामाग्री वितरण गरेकोमा कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । कृषि अनुदान कार्यक्रममा सबै कृषकको सामान पहुँचका लागि एवं पटक पटक एकै फर्म तथा व्यक्तिलाई अनुदान दोहोरो नपर्ने गरी लाभान्वित किसानहरुको नामनामेसी सहित तिनिहरुलाई प्रदान गरिएका कृषि वस्तु तथा सामाग्रीको अभिलेखिकरण गर्नुपर्दछ ।

५४ **पशु प्रबर्द्धन कार्यक्रम**

थाहा नगरपालिकाको पशु विकास कार्यक्रम कार्यान्वियन लागि प्रविधिक मापदण्ड २०८१ को बुदाँ नं ४ (१) मा पालिकाले स्थानीय सम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक,समुह कृषि सहकारी फर्म संस्था कम्पनी लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ।साथै सोहि मापदण्डको वुदाँ नं ७(१) मा यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशु तथा मत्स्य विकास कार्यक्रमको अधिकतम प्रोत्साहन रकम ४० प्रतिशत हुने उल्लेख छ ।पालिकाले यस वर्ष विभिन्न कृषक समुह सहकारी फर्म मा आवद्ध ३२ लाभग्राही लाई ९ गाई, ९ वोका तथा १४ भैसी खरिद गरी अनुदान वितरण गरेको छ।कुल लागत अनुमान रु.३१७६९००।- रहेकोमा पालिकालको रु.१२७०७७६।- र लाभग्राहिको सहभागीता रु.१९०६१४० रहेको देखिन्छ।।खरिद गरिएका प्रजातिका पशुको जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन।यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको पशु खरिद भयो भनी खुल्ने देखिँदैन।पालिकाले पशु प्रवर्द्धन कार्यको अनुगमन गरी जिविकोपार्जनमा सुधार भएको, उक्त कार्यक्रममा रकम खर्च भएको रकमको उद्देश्य मुताविक कार्य सम्पादन भए/नभएको यकिन गरी अनुगमन गर्नुपर्दछ।

५५ **राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।नगरपालिकाले उक्त खेलकुद कार्यक्रम सञ्चालन गर्नको लागि वजेट लाई नै आधार मानी खर्च गरेकोँ छ। पालिकाले यस्ता कार्यक्रम सञ्चालन गर्न पूर्व लागत अनुमान तयार गरि सो लागत अनुमान लाई स्वीकृत गरी कार्यक्रम सञ्चान र व्यवस्थापन गर्नु पर्दछ। नगरपालिकाले पालिका अन्तर्गतका १६ माध्यामिक विद्यालयहरुमा सञ्चालित राष्ट्रपति रनिङ सिल्ड खेलकुद कार्यक्रममा अन्तरविद्यालयगत खेलकुद कार्यक्रम सञ्चालन बापत गो भौ नं.३१२-१२।२७ वाट रु.८०४२८०।- खर्च लेखेको छ।नगरपालिकाले खेलकुद सम्बन्धि नर्म्स तयार गरी सहभागी खेलाडी संख्या, कोच तथा सोसंग सम्बन्धित आवश्यक पदाधिकारीहरुको संख्या निर्धारण गरी सो सँग सम्बन्धित खर्चलाई व्यवस्थित गर्नुपर्दछ।

५६ **उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.२ बमोजि तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान अन्तर्गत स्थानीय तहले शैक्षिक. व्यवस्थापकीय सुधार. सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड. २०७८ ले तोकेको विधि. प्रक्रिया र पद्वतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार लिई उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्बितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष गो भौ नं.१४५-०३।१२ बाट बज्रबाराही माध्यमिक विद्यालय थाहा-६ लाई उत्कृष्ट विद्यालय प्रथम वापत रु.३०००००।– तथा उत्कृट विद्यालय दोस्रो वापत मत्स्यनारायण माध्यमिक विद्यालय थाहा-२ लाई रु.२००००० ।अनुदान निकासा भएकोमा सो अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा अनुगमन गरी प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ।

५७ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीयतह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या ५० रहेकोमा . शिक्षक दरबन्दी २०५ रहेको स्थायी शिक्षक १८५ करार शिक्षक २० तथा राहत शिक्षक ८१ रहि विद्यार्थी संख्या ६२९४ रहेको उल्लेख गरेको छ। उक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १:२२देखिन्छ। शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिका अन्तर्गत देहायका ५० विद्यालयक शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ।

क.सं	विद्यालयको नाम	स्वीकृत शिक्षक दरबन्दी	स्थायी	करार	राहत	जम्मा शिक्षक	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	जनकल्याण उच्च मा. वि.. पालुङ्ग	१९	१६	३	६	२५	८१०	१:३२
२	सुन्दरीदेवी मा. वि. डाडाबास. आग्रा	४	३	१	९	१३	३३३	१:२६
३	सरस्वती मा. वि.. देउखेल आग्रा	८	७	१	१	९	२०३	१:२३
४	इन्द्रायणी मा.वि.. आग्रा	७	७	०	५	१२	२७४	१:२३
५	जलदेवी प्रा. वि..कखुविर्ता.चित्लाङ्ग	३	३	०	०	३	४५	१:१५
६	नाटेश्वर मा. वि..टौखेल चित्लाङ्ग	१०	९	१	२	१२	२३२	१:१९
७	चम्पेश्वर नि.मा.वि..विस्रिंखेल.चित्लाङ्ग	७	७	०	१	८	११६	१:१५
८	जनक प्रा. वि..कुश्लेचौर.चित्लाङ्ग	३	३	०	०	३	४२	१:१४
९	सुनौला मा. वि.कुन्छाल.बज्रबाराही	६	६	०	४	१०	२३६	१:२४
१०	बसन्त प्रा वि.. फुर्केवसन्त. बज्रबाराही	४	४	०	१	५	११८	१:२४
११	दुर्गादिवी प्रा. वि.. तसर. बज्रबाराही	४	२	२	०	४	१६७	१:४२
१२	हिमालय प्रा. वि.. लामिडाडा. बज्रबाराही	३	२	१	०	३	३२	१:११
१३	झम्केश्वरी मा. वि. .ओखरबजार पालुङ्ग	६	६	०	६	१२	२६४	१:२२
१४	सरस्वती नि. मा. वि. .अङ्गारे. पालुङ्ग	४	३	१	४	८	१०७	१:१३
१५	मत्स्यनारायण मा. वि. .सोल्टु. पालुङ्ग	६	६	०	६	१२	२४३	१:२०
१६	घाटदेवी आधारभूत वि.. फेदीगाउँ	६	६	०	३	९	१२०	१:१३
१७	वागेश्वरी मा. वि.. नौखण्डे.टिस्टुङ्ग	८	८	०	७	१५	६३९	१:४३
१८	प्रभात प्रा. वि.. नागन्झाल.टिस्टुङ्ग	३	३	०	०	३	४०	१:१३
१९	सेतीगणेश नि. मा. वि. .शिखरकोट.दामन	६	६	०	२	८	८९	१:११
२०	ऋषेश्वर प्रा. वि.. दामन	३	३	०	०	३	५६	१:१९
२१	बज्रबाराही उच्च मा. वि..थहचोक.	१६	१४	२	३	१९	३७१	१:२०
२२	स्वच्छन्द भैरव उ.मा.वि.. चित्लाङ्ग	१७	१५	२	०	१७	२८५	१:१७
२३	उदय प्रा. वि..बुढिचौर.बज्रबाराही	४	४	०	०	४	७७	१:१९
२४	माहांकाल प्रा. वि.. काभ्रेछाप आग्रा	२	२	०	१	३	६९	१:२३
२५	कालागणेश प्रा. वि.. बाहुनगाउँ आग्रा	३	२	१	०	३	४८	१:१६
२६	माहांकाल प्रा. वि.. टिष्टुङ्ग	४	३	१	०	४	१४५	१:३६
२७	टिष्टुङ्ग देउराली प्रा. वि.. दोभानखोला.	२	२	०	०	२	३२	१:१६
२८	सातकन्या प्रा.वि.. जगडाडा.टिष्टुङ्ग	२	१	१	१	३	४१	१:१४
२९	बालकुमारी प्रा. वि.. ठलोमार्खु. दामन	१	१	०	१	२	४०	१:२०
३०	माहालक्ष्मी प्रा.वि.. चित्लाङ्ग	३	३	०	०	३	७२	१:२४
३१	सुर्यबाराही प्रा. वि. . आग्रा	१	१	०	२	३	३३	१:११
३२	नागदह प्रा. वि.. लिती. टिष्टुङ्ग	३	३	०	१	४	८४	१:२१
३३	कालिदेवी देउराली प्रा. वि.. देउराली.	२	१	१	०	२	४६	१:२३

३४	ठाडे प्रा. वि.. ठाडे. टिष्टुङ्ग	१	१	०	१	२	३२	१:१६
३५	वागेश्वरी प्रा. वि.. सानोफाखेल. दामन	१	१	०	०	१	४३	१:४३
३६	जनता प्रा. वि.. नागछेडा. टिष्टुङ्ग	२	२	०	०	२	२९	१:१५
३७	माहांकाल प्रा. वि.. रूप्से. दामन	१	०	१	०	१	१५	१:१५
३८	मंगलेश्वर प्रा. वि..भाङ्गोरिया.पालुङ्ग	१	१	०	०	१	१४	१:१४
३९	कालिकादेवी प्रा. वि..खानीगाउँ.पालुङ्ग	३	३	०	०	३	५२	१:१७
४०	जनता प्रा. वि.. दम्कीचौर. दामन	२	१	१	०	२	३१	१:१६
४१	पञ्चकन्या प्रा. वि. .ऐसेलुखर्क. आग्रा	२	२	०	१	३	४६	१:१५
४२	जनता प्रा वि झाप्रे पनेरुडाडा टिष्टुङ्ग	३	३	०	१	४	९२	१:२३
४३	टिष्टुङ्ग देउराली चेम्बर प्रा. वि..	१	१	०	१	२	३५	१:१८
४४	मनकामना प्रा. वि.. टिष्टुङ्ग	०	०	०	३	३	४४	१:१५
४५	बुध्द नि. मा. वि. .काभ्रेछाप. आग्रा	४	४	०	१	५	१३६	१:२७
४६	कुटेश्वरी प्राथामिक विद्यालय. आग्रा	०	०	०	३	३	४२	१:१४
४७	चण्डिका प्राथामिक विद्यालय . आग्रा	०	०	०	३	३	५८	१:१९
४८	बालज्योती प्राथामिक विद्यालय.कुटि	०	०	०	१	१	१४	१:१४
४९	कालिदेवी प्राथामिक विद्यालय. चितलाङ	१	१	०	०	१	३०	१:३०
५०	कल्याण प्रा. वि. ठुलोफाखेल. दामन	३	३	०	०	३	७२	१:२४
	जम्मा	२०५	१८५	२०	८१	२८६	६२९४	१:२२

पालिका भित्रका ५० विद्यालय मध्ये वागेश्वरी मा. वि.. नौखण्डे.टिस्टुङ्ग. वागेश्वरी प्रा. वि.. सानोफाखेल. दामन मा १:४३ अर्थात् सबैभन्दा बढी तथा सुर्यबाराही प्रा. वि..आग्रा. सेतीगणेश नि. मा. वि. .शिखरकोट.दामन. हिमालय प्रा. वि.. लामिडाडा. बज्रबाराही मा १:११अर्थात् सबैभन्दा कम रहेको देखिन्छ। देखिन्छ।विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ।

५८ **एस.ई.ई परीक्षा**

शैक्षिक सत्र २०८१/८२ मा यसपालिका अन्तर्गतका सामुदायिका तथा निजी विद्यालयको एस.ई.ई परीक्षामा यस पालिकाबाट १७ माध्यमिक विद्यालयका जम्मा ५४१ विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा विद्यालयको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

क.सं.	विद्यालयको नाम	सहभागी संख्या	ग्रेडेड	ननग्रेडेड	ग्रेडेड%
१	पालुङ ईङ्लिशआवासीय विद्यालय. थाहा-२	११	९	२	८१.८२
२	सरस्वती विध्यामन्दिर. थाहा-६	२४	१७	७	७०.८३
३	इअन ईङ्लिश एकेडेमी. थाहा-६	१९	१०	९	५२.६३
४	नाटेश्वर माध्यमिकविद्यालय. थाहा-१०	३३	१५	१८	४५.४५
५	पालुङ मोर्डन इङ्लिशस्कुल. थाहा-१	५	२	३	४०.००
६	सुनौला माध्यमिकविद्यालय. थाहा-१	३२	१२	२०	३७.५०
७	बागेश्वरी माध्यमिकविद्यालय. थाहा-११	७३	२५	४८	३४.२५
८	झम्केश्वरी माध्यमिकविद्यालय. थाहा-१	२९	९	२०	३१.०३
९	हिमालयन ईङ्लिशसेकेन्डरी स्कुल. थाहा-४	२७	८	१९	२९.६३
१०	सरस्वती माध्यमिकविद्यालय.थाहा-७	२८	६	२२	२१.४३
११	बज्रबाराही माध्यमिकविद्यालय. थाहा-६	३६	७	२९	१९.४४
१२	इन्द्रायणी माध्यमिकविद्यालय. थाहा-८	२६	५	२१	१९.२३
१३	पालुङ भ्याली हार्टएकेडेमी. थाहा-३	२१	४	१७	१९.०३
१४	स्वच्छन्द भैरवमाध्यमिक विद्यालय. थाहा-९	३०	४	२६	१३.३३
१५	जनकल्याण माध्यमिकविद्यालय. थाहा-३	८१	९	७२	११.११
१६	सुन्दरीदेवी माध्यमिकविद्यालय. थाहा-७	३०	३	२७	१०
१७	मत्स्यनारायण माध्यमिकविद्यालय. थाहा-२	३६	३	३३	८.३३
जम्मा		५४१	१४८	३९३	२७.३६

समग्रमा २७.३६ प्रतिशतमात्र ग्रेडेड रहेको देखिँदा सफलता दर कमजोर रहेकोमा यसमा सुधार गर्न पहलकदमी लिनुपर्दछ।

५९ तोकिएको भन्दा बढी बालविकास सहजकर्ता

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा विद्यार्थी संख्या र वालविकास सहजकर्ता अनुपात नमिलाई वाल विकास सहजकर्ता कार्यरतका आधारमा पारिश्रमिक संघ सशर्तबाट रु १००००।- र पालिकाबाट रु.५०००।- समेत रु.१५०००।- दरले वढी कार्यरत ५ जनाको रु.१०२५०००।- भूक्तानी भएकोले नियमसम्मत नदेखिएको रु.

क सं	विद्यालयको नाम	विद्यार्थी संख्या	आवश्यक बाल शिक्षक	नियुक्त बाल शिक्षक	वढी संख्या	रकम रु
१	नाटेश्वर मा वि टौखेल चित्लाङ्ग	१८	१	२	१	२०५०००
२	सुनौला मा वि कुन्छाल बज्रबाराही	२०	१	२	१	२०५०००
३	वाल कुमारी प्रा वि ठुलोमार्खु दामन	९	१	२	१	२०५०००
४	बसन्त प्रा वि फुर्केवसन्त बज्रबाराही	१७	१	२	१	२०५०००
५	जनता प्रा वि झाप्रे पनेरुडाँडा	१९	१	२	१	२०५०००
	जम्मा					१०२५०००

अनियमित भएको	१०,२५,०००

६० **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन. २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण. अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

६१ **तलवमा वढी निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले सरकारी रकको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायका विद्यालयमा निकासा हुनुपर्ने रकम भन्दा वढी निकासा गएकोले उक्त रकम विद्यालयको खाता बाट फिर्ता गरी संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

विद्यालयको नाम	शिक्षक	निकासा हुनुपर्ने रकम	निकासा भएको रकम	वढी निकासा	कैफियत
जन कल्याण माध्यमिक विद्यालय	अनिश शाक्य	९६७३५	१६१२११	६४४७६	२०८१।०७।२२ मा राजिनामा दिएकोमा दोस्रो त्रैमासिक को पुरै तलव निकासा भएकोमा प्रविन शिन्ताकला लाई मिति २०८१।०९।२७ मा नियुक्ति गरेको पत्र पेश भएको र अनिल शाक्यको तलव मा वढी निकासा भएकों रमकमवाट तलव खर्च लेखेकों विद्यालय वाट पत्र प्राप्त भए वमोजिक उक्त विच समयको रिक्त अवधीको रकम फिर्ता हुनु पर्ने।
मत्स्य नारायण माध्यमिक विद्यालय	विष्णु हरी दाहल	६८७४८	१३७९२८	२२०४२	मिती २०८१।०८।१६ मा राजिनामा दिएकोमा ६९१८० फिर्ता हुनुपर्नेमा रु.४७१३८ मात्रै विद्यालय बाट फिर्ता भएको ।
मत्स्य नारायण माध्यमिक विद्यालय	कृष्णमान श्रेष्ठ	६८७४८	१३७९२८	२२०४२	मिती २०८१।०८।१६ मा राजिनामा दिएकोमा ६९१८० फिर्ता हुनुपर्नेमा रु.४७१३८ मात्रै विद्यालय बाट फिर्ता भएको ।
जम्मा				१०८५६०	

असुल गर्नुपर्ने	१,०८,५६०

६२ **निशुल्क पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं.२.४.६.२ मा विद्यालयलाई निशुल्क पाठ्यपुस्तक बापत अनुदान दिने व्यवस्था छ।नमुनाको रुपमा केहि विद्यालयको निकासा अनुदान परीक्षण गर्दा पालिकाले देहायका विद्यालयलाई वास्तविक विद्यार्थी संख्या भन्दा वढी विद्यार्थी संख्या उल्लेख गरी निकासा अनुदान दिएकोले विद्यालयवाट उक्त वढी निकासा वापतको रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु

सि नं	विद्यालको नाम	कक्षा	वास्तविक विद्यार्थी संख्या	विल बमोजिमको संख्या	वढी विद्यार्थी संख्या	दर	रकम
१	सुन्दरी देवी माध्यमिक विद्यालय	३	१३	१७	४	५८१	२३२४
		४	१६	२४	८	५९७	४७७६
		५	२२	३०	८	६३४	५०७२
		७	२४	३४	१०	७४८	७४८०
		८	२२	३०	८	८८२	७०५६
		९	१७	३०	१३	७७०	१००१०
	जम्मा						३६७१८
२	जनकल्याण माध्यमिक विद्यालय	५	४५	५५	१०	६३४	६३४०
		८	५८	६५	७	८८२	६१७४
	जम्मा						१२५१४
३	वागेश्वरी माध्यमिक विध्यालय	६	५८	६५	७	७०८	४९५६

असुल गर्नुपर्ने	५४,१८८

६३ **दिवा खाजा बढी निकासा**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ मा तोकिएका विद्यार्थीलाई दिवाखाजाकोलागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ।पालिकाले निम्न गोश्वरा भौचर नं ३८-०८।२०.७५-१२।०४ र ११५-०२।१२ बाट साउन देखि चैत सम्मको निकासा अनुदान १२० दिनको लागि रु.५०९०१००।- गोश्वरा भौचर नं १५०-३।१७ बाट ६० दिनको लागि रु.२३५३११७ गरी जम्मा निकासा रु.७४४३२१७।- अनुदान दिएकोमा नमूना छनौटको आधारमा परीक्षण गर्दा देहायका विद्यालयमा EMIS को विद्यार्थी सख्या भन्दा वढी निकासा भएको देखिएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संञ्चितकोषमा दाखिला गर्नुपर्ने देखिएको रु

क्र.सं.	विद्यालयको नाम	निकासा भएको रकम	निकासा हुनु पर्ने रकम	बढि निकासा
१	जनकल्याण मा.वि..थाहा-३ घट्टेचौर	५९४७९५	५६६१००	२८६९५
२	सरस्वती मा.वि..थाहा-७. देउखेल	१७०८८०	१५५७००	१५१८०
३	इन्द्रायणी मा.वि..थाहा-८. आग्रा	२२८८१०	२०४३००	२४५१०
४	हिमालय प्रा.वि..थाहा-६. लामिडाडा	९०८२५	८३७००	७१२५
५	मत्स्यनारायण मा.वि..थाहा-२.सोल्टु	२८२१९५	२५११००	३१०९५
६	सेतिगणेश आ.वि.. थाहा-३.शिखरकोट	१४७७६८	१३४१००	१३६६८
७	स्वच्छन्द भैरव मा.वि.. थाहा-९.चित्लाङ	२०८२९०	१७८२००	३००९०
८	टिष्टुङ देउराली प्रा.वि.. थाहा-१२	७७७४५	७५६००	२१४५
९	माहालक्ष्मी प्रा.वि.. थाहा-९.चित्लाङ	२०५२३०	१९१७००	१३५३०
१०	सुर्यबाराही प्रा.वि..थाहा-७. आग्रा	९०८४०	८८२००	२६४०
११	कालिदेवी देउराली प्रा.वि.. थाहा-११	१२२२५०	१०४४००	१७८५०
१२	माहांकाल प्रा.वि..थाहा-४. रुप्से	२७२४०	२४३००	२९४०
	जम्मा	२२४६८६८	२०५७४००	१८९४६८

असुल गर्नुपर्ने	१,८९,४६८

६४ स्यानिटरी प्याड खरिद

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ।नगरपालिकाले ए जि हेल्थ इन्डस्ट्रिज प्रा.लि (६०३५५९६९९) बाट विद्युतीय खरिद मार्फत् प्रति प्याड रू.२१.७४ (मू.अ. कर समेत) मा खरिद गरी संघीय सशर्त चालुको भौ.नं.१७९-२०८२/०३/२२ बाट रू.६७९०२१ भुक्तानी दिएको छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि. २०७६ को बुँदा नं ६(४) अनुसार एक छात्रालाई एक महिनावारी चक्रमा बढिमा १६ वटा प्याड (२ प्याकेट) उपल्बध गराउने व्यवस्था छ। पालिकाको EMIS तथ्याङ्क अनुसार पालिकाभित्र सञ्चालित विद्यालयहरूको कक्षा ६-१२ सम्म जम्मा छात्रा संख्या १९५२ रहेको छ। प्राप्त स्यानिटरी प्याड स्पेशिफिकेशन अनुसार भएको सम्बन्धमा जाँच गर्नुपर्नेमा सो गरेको देखिएन।पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ।

६५ शोधभर्ना

पालिकाले संघीय शसर्त अनुदानको गोश्वरा भौचर नं १७८- ०३।२२ वाट पालिका चालु अन्तर्गत विनियोजन गरीएको शिक्षा तर्फको नगर स्तरिय भलिवल प्रतियोगिता. तथा कक्षा ४ देखि १२ सम्मको विद्यालय स्तरिय त्रैमासिक परीक्षा सञ्चालन वापतको रकम संघीय शसर्त चालुको शैक्षिक गुणस्तर सुद्धढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान.निशुल्क पाठ्यपुस्तक जस्ता विभिन्न शिर्षक बाट रु ११९८७२५। खर्च गरेको छ ।पालिकाले सम्बन्धित शिर्षकबाट खर्च नगरी उक्त कार्यक्रमको लागि सङ्घीय सशर्त चालुवाट खर्च गरेकोले उक्त रकम संघीय सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	११,९८,७२५

६६ नमुना विद्यालय

शिक्षा. विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधी २०८1।८2 को क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका. २०७४(संशोधन सहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु. छात्रावास व्यवस्थापन. शैक्षिक शुसासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न

भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी प्रति विद्यालय ३० लाख देखि ५० लाखसम्म कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने उल्लेख छ।साथै विद्यालयले सम्झौता अनुसार काम गरे वा नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख गरेको छ। पालिकाले यस वर्ष भौ.नं. ७-।११।२२ बाट जनकल्याण माविलाई प्रस्वात पेश गरे बमोजिम पहिलो किस्तामा ६० प्रतिशत वापत आउने रकम रु.१८००००० भुक्तानी दिई कार्य सम्पन्न पश्चात वाँकी ४० प्रतिशतले हुन आउने रकम गो भौ नं १७२-०३।२० वाट रु.१२००००० गरी जम्मा ३०००००० भुक्तानी दिएको छ। विद्यालयले पेश गरेको प्रस्तावमा खेलकुद शिक्षकको पारिश्रमिक.वस मर्मत तथा टायर खरिद. बहुउदेश्य हल निर्माण. बायोलोजी ल्याव निर्माण.खेलकुद सामाग्री खरिद. शैक्षिक भ्रमण प्रध्यानाध्यापक भत्ता प्रशासनिक खर्च जस्ता विषयमा अनुदान खर्च गरेको विल भर्पाई पेश गरेको छ।विद्यालयले खरिद गरेका जिन्सी सामाग्री हरुको जिन्सी पहिचान नं. जिन्सीसामाग्री को स्पेशिफिकेशन दाखिला नं. तथा सो जिन्सी सामाग्री को सहायक जिन्सी खातामा समेत जिन्सी सामाग्रीको अभिलेख राखेको विवरण पेश गरेको छैन। यस सम्बन्धम अनुगमन गर्नुपर्दछ।

६७ निजी स्रोत शिक्षक

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन. २०७४ को दफा दफा २८ मा अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो. सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्ने व्यवस्था छ। साथै शिक्षा नियमावली २०५९ को नवौं (संसोधन) २०७७ मा शिक्षकहरुलाई ज्यालादारी करारमा नियूक्त गर्न नपाइने व्यवस्था रहेको छ।पालिका भित्रका विभिन्न ६ विद्याललयमा विद्यालयले शिक्षक नियूक्त गरी संघिय सरकार समानिकरण चालुबाट समेत भुक्तानी गर्ने गरी हाजिरीका तथा सम्बन्धित विद्यालयको वडा सिफारिसको आधारमा भुक्तानी गरेको पबर्ष भरिमा निजी स्रोत शिक्षकलाई तलव भत्तामा रु.११७००००। पारिश्रमिक खर्च लेखेको छ। समग्रमा पालिकामा शिक्षक विद्यार्थी अनुपात १:२२देखिन्छ। पालिकाले शिक्षक विद्यार्थी अनुपात लाई आधार लिई दरबन्दी तथा, विद्यालय मर्ज गर्ने विद्यार्थीको भौगोलिक पहुँच तथा सहजता जस्ता विषयलाई समेत आधार मानी पठनपाठन व्यवस्थित गरी यस्तो खर्चमा न्यूनीकरण गर्नुपर्दछ।

६८ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा वितरण कार्यविधी २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गरेर मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ। नगरपालिकाले यो वर्ष सामाजिक सुरक्षातर्फ रु.१८ करोड १२ लाख ८८ हजार बजेट विनियोजन भएकोमा रु.१८ करोड ४ लाख ७ हजार खर्च गरेको र रु.३ लाख १९ हजार फिर्ता गरेको देखिन्छ। पालिकाले सफ्टवेयरवाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन लगत अद्यावधिक कार्य व्यवस्थित गरी बैङ्कले वितरण नगरी बाँकी रहेको तथा लगत कट्टा गरी फिर्ता गर्नुपर्ने देखिएको रकमका सम्बन्धमा यकिन गरी फिर्ता गर्नुपर्दछ।

६९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वटा वडामा ८ वटा योजना सञ्चालन गरी यस वर्ष ५८ जनालाई औषत ९७.६ दिनले ५७५८ दिन रोजगारी उपलव्ध गराई रु.४०५३६३२।– श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

७० शोधभर्ना

पालिकाले संघिय सशर्त को चालु तर्फको पारिश्रमिक कर्मचारीको तलवशिर्षक वाट निम्न कर्मचारी लाई तलव भुक्तानी गर्दा मासिक खाजा सञ्चार तथा इन्धन समेत देहाय अनुसार रु २४९०००।खर्च लेखेको छ ।पालिकाको आन्तरिक स्रोतबाट उक्त खर्च लेख्नुपर्नेमा

संङघीय शसर्ततर्फबाट खर्च लेखेको देखिँदा उक्त रकम सोधभर्ना गरि संङघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

नाम	पद	रकम
प्रदिप गुरुङ	कृषि स्नातक	४२०००
सुमन गोपाली	प्रा स	५४०००
रुपक कार्की	एम आई एस अपरेटर	१८०००
अच्युत विडारी	फिल्ड सहायक	१८०००
सुनिता वुढा	सहायक चौथो	९०००
कविराज खड्का	रोजगार सहायक	१८०००
कुमार नेगी	रोजगार संयोजक	१८०००
मेघराज वलामी	स्वास्थ्य संयोजक	५४०००
मेलीना खत्री	वित्तिय साक्षरता सहजकर्ता	९०००
सुनिता वस्नेत	मनोसामाजिक परामर्शकर्ता	९०००
जम्मा		२४९०००

प्रमाण पेश नगरेको	२,४९,०००

७१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको पेश्की फर्स्यौट नभएकोले म्याद नाघेको पेश्की फर्स्यौट हुनुपर्ने रु

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	जम्मा	म्याद नाघेको
१	कृषि तथा पशु प्रवर्द्धन कार्यक्रम	रुपेश कुमार मिश्र	सहायक	२०००००	२०००००
२	कलाँटु सडक थाहा १०	ए.के. बिल्डर्स	ठेकेदार	५४०८६२	
३	चौकी किटेनी रुप्से सडक	ए.के. बिल्डर्स	ठेकेदार	८३२४७०	
४	थाहा शित भण्डार निर्माण (सामाग्री आपुर्ती)	एच के एम – जनजागृती जे.भी.	ठेकेदार	१०००००००	
५	शीतभण्डार संरक्षण तथा बस्ती बचाउ योजना	त्रिपुरा सुन्दरी इन्फास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि.	ठेकेदार	१०४८०००	
६	अन्य सार्वजनिक निर्माण	श्रृजना कन्सट्रक्सन	ठेकेदार	१५६६६०	
७	फेदीखोला बस्ती सम्स्क्षण,थाहा २ क्रमागत	श्रृजना कन्स्ट्रक्सन प्रा.लि.	ठेकेदार	४८००००	
८	चौबास मुलखोला खानेपानी योजना, थाहा-७, मकवानपुर	असलेषा कन्स्ट्रक्सन प्रा. लि.	ठेकेदार	१४२०००	१४२०००
९	शित भण्डार निर्माण थाहा नगरपालिका	एच के एम – जनजागृती जे.भी.	ठेकेदार	७०२८३५८	
१०	गत बर्षको भुक्तानी बाँकी पुँजिगत योजनाहरु मलेप फा नं २२१ अनुसार	नेपाल विद्युत प्राधिकरण (दामगाडे खा पा विद्युतिकरण)	संस्थागत	१५०००००	१५०००००
११	साझेदारी कोष	नेपाल विद्युत प्राधिकरण (दामगाडे खा पा विद्युतिकरण)	संस्थागत	१८५०४२	१८५०४२
१२	साझेदारी कोष	नेपाल विद्युत प्राधिकरण (दामगाडे खा पा विद्युतिकरण)	संस्थागत	५४७२८	५४७२८
१३	नगरपालिका तर्फको समुपरक कोष	खानेपानी तथा सरसफाई डिभिजन नं १. हेटौडा मकवानपुर वागमती प्रदेश	संस्थागत	१५०००००	१५०००००
१४	लक्षित वर्ग कार्यक्रम	रोटरी क्लब काठमाडौ	संस्थागत	२५०००	२५०००
१५	अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापन सहयोग कार्यक्रम	अपाङ्ग सरोकार केन्द्र	संस्थागत	१५००००	१५००००
१६	विभिन्न विद्यालयलाई शिक्षक व्यवस्थापन खर्च	श्री स्वच्छन्द भैरव माध्यमिक विद्यालय	संस्थागत	५६०००	५६०००
१७	विद्यालय कर्मचारी, बालविकास सहजकर्तालाई नगरपालिकाबाट थप प्रोत्साहन अनुदान	श्री स्वच्छन्द भैरव माध्यमिक विद्यालय	संस्थागत	४४४०००	४४४०००
१८	विभिन्न विद्यालयलाई शिक्षक व्यवस्थापन खर्च	श्री वागेश्वरी माध्यमिक विद्यालय	संस्थागत	३०००००	३०००००
जम्मा				२४६४३१२०	४५५६७७०

पेश्की	४५,५६,७७०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : थाहा नगरपालिका, मकवानपुर , थाहा नगरपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	अमर बहादुर जि सी	२०८०-८-२६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,६५४,७०१	४,०४१,६१२	३,४१६,१००	०	०	४,५५६,७७०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१४,६६९,१८३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	८३६,०८६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१३,८३३,०९७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४६०८६२४०.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४४०९०४०९६.५८	चालु खर्च	४७०२४३१०७.६१
प्रदेश सरकारबाट अनुदान	११२२१९०००	पूँजीगत खर्च	२९०४६७२३३.६४
राजश्व बाँडफाँट	१७८९१९६७९.१७	वित्तीय/अन्य व्यवस्था	२४८०३२५२७.६६
आन्तरिक आय	७०५६१५२८.०४		
अन्य आय	२२५१०७६७४.७९		
कुल आय	१०२७७११९७८.५८	कुल खर्च	१००८७४२८६८.९१
बाँकी मौज्दात		६५०५५३५०.६२	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१९,४३,९४,६५८.८९	०.००	१९,४३,९४,६५८.८९	२१,६९,१५,९०६.१७	०.००	२१,६९,१५,९०६.१७
१३०००	अनुदान		५०,७०,३०,०७१.९२	०.००	५०,७०,३०,०७१.९२	५२,८९,९१,५१०.७०	०.००	५२,८९,९१,५१०.७०
१४०००	अन्य राजस्व		६,४२,६६,१०७.४७	०.००	६,४२,६६,१०७.४७	४,२८,२२,९८७.८५	०.००	४,२८,२२,९८७.८५
क	**कुल जम्मा प्राप्ति**		७६,५६,९०,८३८.२८		७६,५६,९०,८३८.२८	७८,८७,३०,४०४.७२		७८,८७,३०,४०४.७२
३	चालु		४६,५०,४३,१०७.६१	०.००	४६,५०,४३,१०७.६१	४६,६६,०३,२६६.२७	०.००	४६,६६,०३,२६६.२७
२१०००	पारिश्रमिक / सुविधा		२४,३०,८९,७५९.५४	०.००	२४,३०,८९,७५९.५४	२८,९४,४२,७५६.८४	०.००	२८,९४,४२,७५६.८४
२२०००	मालसामान तथा सेवाको उपयोग		१२,८५,८५,७४४.०८	०.००	१२,८५,८५,७४४.०८	१३,४२,५३,००६.४३	०.००	१३,४२,५३,००६.४३
२५०००	सहायता (Subsidy)		८,७०,३६,४७३.००	०.००	८,७०,३६,४७३.००	३,५८,१०,३३२.००	०.००	३,५८,१०,३३२.००
२७०००	सामाजिक सुरक्षा		५९,८१,२२०.००	०.००	५९,८१,२२०.००	६७,२९,४३४.००	०.००	६७,२९,४३४.००
२८०००	अन्य खर्च		३,४९,९१०.९९	०.००	३,४९,९१०.९९	३,६७,७३७.००	०.००	३,६७,७३७.००
४	पूंजीगत		२९,४४,६७,२३३.६४	०.००	२९,४४,६७,२३३.६४	३६,२०,७९,६६९.२६	०.००	३६,२०,७९,६६९.२६
३१११०	भवन तथा संरचना		४,७०,७९,१७२.७१	०.००	४,७०,७९,१७२.७१	६,९५,८१,११८.७५	०.००	६,९५,८१,११८.७५
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५०,२१,५५१.००	०.००	५०,२१,५५१.००	५६,३५,६३२.००	०.००	५६,३५,६३२.००
३११३०	अन्य पूँजीगत खर्च		१,७३,६१,४५४.००	०.००	१,७३,६१,४५४.००	१,८५,६५,८९४.५०	०.००	१,८५,६५,८९४.५०
३११५०	सार्वजनिक निर्माण		२२,५०,०५,०५५.९३	०.००	२२,५०,०५,०५५.९३	२६,८०,९७,०२४.०१	०.००	२६,८०,९७,०२४.०१
३११७०	पूँजीगत सुधार खर्च		०.००	०.००	०.००	२,००,०००.००	०.००	२,००,०००.००
ख)	**कुल जम्मा भुक्तानी**		७५,९५,१०,३४१.२५		७५,९५,१०,३४१.२५	८२,८६,८२,९३५.५३		८२,८६,८२,९३५.५३
ग)	**बचत / कमी (ग = क-ख)**		६१,८०,४९७.०३		६१,८०,४९७.०३	(३,९९,५२,५३०.८१)		(३,९९,५२,५३०.८१)

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)		१,२२,२५,०९६.१२		१,२२,२५,०९६.१२	११,५२,५९८.८६		११,५२,५९८.८६
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		(१९,०३,०९६.००)		(१९,०३,०९६.००)	(७५,६४४.७३)		(७५,६४४.७३)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)		१,८४,०५,५९३.१५		१,८४,०५,५९३.१५	(३,८७,९९,९३१.९५)		(३,८७,९९,९३१.९५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,४७,४६,६६१.४७		४,४७,४६,६६१.४७	८,३५,४६,५९३.४२		८,३५,४६,५९३.४२
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,३१,५२,२५४.६२		६,३१,५२,२५४.६२	४,४७,४६,६६१.४७		४,४७,४६,६६१.४७

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।